अंक: १०, असार २०६९

# ओसारपसार

एटविनको अर्ध–वार्षिक प्रकाशन



मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को प्रभावकारी कार्यान्वयन गरौं !

# एटविन गतिविधिका झलकहरू




जीवन उपयोगी सीप तालिम, काभ्रे




जीवन उपयोगी सीप तालिम, सिन्धुपाल्चोक



RDIF/ESP साझेदार संस्थाहरुको त्रैमासिक बैठक, काठमाडौं



समूह छलफल, सिन्धुपाल्चोक



नेतृत्व विकास तालिम, मकवानपुर



समूहमा आवद्ध महिलाको अवलोकन भ्रमण, काठमाडौं




नेतृत्व विकास तालिम, काठमाडौं




प्रतिवेदन लेखन र अनुगमन तथा मूल्यांकन तालिम, काभ्रे

# ओसारपसार

अंक : १०, असार २०६९

**सल्लाहकार**
लक्ष्मी कार्की

**सम्पादक**
अनिल अधिकारी

**उप-सम्पादक**
विमला ज्ञवाली

**संयोजक**
बेनु माया गुरुङ्ग

**व्यवस्थापक**
विनिता न्यौपाने

**आवरण/ले-आउट**
राजुप्रसाद काफ्ले

**मुद्रण**
सगरमाथा अफसेट प्रेस
बिजुलीबजार, काठमाडौं



यस बुलेटिनमा प्रकाशित लेखहरु लेखकका निजी विचार हुन् ।


# विषयसूची


- बेचबिखनबाट प्रभावितमुखी कानुन र कार्यान्वयनको आवश्यकता ! – लक्ष्मी कार्की १
- यौन पेशा बाध्यता हो कि रहर ? – शर्मिला श्रेष्ठ ४
- सम्बन्धित ऐनमा परिवर्तन आवश्यक – शेख चाँदतारा ७
- मानव बेचबिखन समस्या र रोकथाम – जी.आर. भट्ट ९
- पुनःस्थापना गृह भनेको सधैंका लागि होइन – चरीमाया तामाङ १२
- आर्थिक वर्ष २००९/१० मा विभिन्न गैससहरूले संरक्षण प्रदान गरेका मानव बेचबिखन पीडितहरूको संख्या १६
- महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारविरूद्धको राष्ट्रिय कार्ययोजना २०६८ का केही मुख्य प्रावधानहरू १७
- वैदेशिक रोजगारी तथा राहदानी बीचको सम्बन्ध र जोखिम न्यूनीकरणका उपायहरू – बसन्ती कार्की २०
- मानव बेचबिखनको परिवर्तित स्वरूप अनुरूप वर्तमान रणनीतिमा परिवर्तनको आवश्यकता – बेनु माया गुरुङ २४
- पीडित/प्रभावित व्यक्तिहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ का केही मुख्य बुँदाहरू २७
- वैदेशिक रोजगारी र राहदानी बीचको सम्बन्ध र जोखिमको अवस्था – सुनिता तामाङ २९
- सिविन-नेपालको संक्षिप्त परिचय ३१
- एटविन गतिविधि (२०११ सेप्टेम्बर देखि २०१२ जुन सम्म) ३३
- संचारमा एटविन ३६
- संचारमा बेचबिखन ३७



**प्रकाशक**

**महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटविन)**


पो.ब.नं.: २४९६०, काठमाडौं, नेपाल
फोन : ४२२९७८७, ४२४०७०९ फ्याक्स : ४२४०७०९
इमेल : aatwin@ntc.net.np
वेबसाइट : www.aatwin.org.np


**प्रकाशन सहयोगी**

RDIF अधिकार, लोकतन्त्र तथा समावेशीकरण कोष

सम्पादकीय

# चूनौतिपूर्ण घडीमा एक हुनु छ

नयाँ संविधान घोषणा हुन नसक्नु देश र जनताकै निमित्त दुर्भाग्यपूर्ण बनेको छ । राष्ट्रले ठूलो आर्थिक भार व्यहोरेको र ४ वर्ष समय खर्चेको संविधानसभा संविधान नै घोषणा नभई अन्त्य भएको छ । हाल देश नयाँ संविधानका विषयमा अन्यौलग्रस्त छ ।

मानव बेचबिखनविरूद्धको राष्ट्रिय संजाल एटविन लगायत मानव अधिकार सुनिश्चितका निम्ति कटिवद्ध संघसंस्थाहरूले हिजो उठाएका मुद्दाहरु आशा गरे अनरूप नयाँ संविधानमा आउलान्, नआउलान्, या सहमतिमा आइसकेका सवाल जस्ताको तस्तै आउने हुन् या मोडिएर वा कुरा फेरिएर आउने हो यस विषयमा सबै सरोकारवालाहरूको ध्यान जानु जरूरी छ । यसका लागि निरन्तर वकालत अपरिहार्य छ ।

एटविनको नियमित प्रकाशन ओसारपसारको यस अंकमा मानव बेचबिखनविरूद्ध हालसालै आएका नयाँ नीति, नियम, निर्देशिकाका साथै र राष्ट्रिय कार्ययोजना २०६८ ले उठान गरेका विषयहरूको जानकारी दिइएको छ र बेचबिखनका नयाँ आयामहरू र परिवर्तित स्वरूपहरूका विषयमा पनि चर्चा गरिएको छ । साथै, मानव बेचबिखनबाट प्रभावित ३ वटा मुख्य जिल्लाहरू काठमाडौं, सिन्धुपाल्चोक तथा मकवानपुरका सन्दर्भमा पनि प्रस्तुत अंकमा चर्चा गर्न खोजिएको छ ।

देशको यस संक्रमणकालमा मानव बेचबिखनका दलालहरूलाई धमिलो पानीमा माछा मार्ने अवसर सिर्जना गरेको आभास हामीले गरिरहेका छौं । मानव बेचबिखनविरूद्ध वकालत गर्दै आइरहेका एटविन लगायतका संस्थाहरूका लागि वर्तमान अवस्था कम चुनौतीपूर्ण छ भन्ने लाग्दैन । मानव बेचबिखनसँगसम्बन्धित कानूनहरूको प्रभावकारी कार्यान्वयनमा पनि संक्रमणकालले असर पार्ने निश्चित छ । आशा छ, यस अंकले उठाएको मानव बेचबिखनसँग सम्बन्धित समसामायिक विषयवस्तु तथा वकालतका मुद्दाहरूमा सरोकारवालाहरूको ध्यानकर्षण हुनेछ र सबैजना मानव बेचबिखन न्यूनीकरणमा एकजुट भएर लागि पर्ने छन् ।

# बेचबिखनबाट प्रभावितमुखी कानुन र कार्यान्वयनको आवश्यकता !



• लक्ष्मी कार्की

" हालको अवस्थामा आएर नेपाली महिला तथा बालिका र पुरुषहरु समेत भारतमा मात्र नभई दक्षिण एसियाका अन्य मुलकहरु, दक्षिण पूर्वी एसिया, अरब,मध्य पूर्व, युरोप तथा अमेरिका र ल्याटिन अमेरिकामा समेत बेचबिखन हुने गरेको हालैका केही घटनाहरुले समेत पुष्टी गरेको छ । "

आज एक्काइसौं शताब्दीको अन्त्यतिर आइपुग्दासम्म पनि मानव बेचबिखन तथा ओसारपसारको समस्या एक बिकराल अवस्थामा छ । मानव बेचबिखन तथा ओसारपसार संगठित अपराध हो र यो विश्वव्यापी र बहुआयामिक समस्या पनि हो । नेपालमा यो समस्या दिन प्रतिदिन नयाँ नयाँ आयाम सहित एक गम्भीर चुनौतीको रूपमा देखापर्न थालेको छ । नेपालबाट महिला तथा बालिकाहरू भारतको बम्बै लगायतका अन्य ठूला शहरहरूमा व्यावसायिक यौन शोषणका लागि बेचबिखन हुने परम्परागत धारणाले नयाँ स्वरूप लिदै



विभिन्न मुलुकहरूमा विस्तार हुन थालेको छ । हालको अवस्थामा आएर नेपाली महिला तथा बालिका र पुरुषहरू समेत भारतमा मात्र नभई दक्षिण एसियाका अन्य मुलुकहरू, दक्षिण पूर्वी एसिया, अरब,मध्य पूर्व, युरोप तथा अमेरिका र ल्याटिन अमेरिकामा समेत बेचबिखन हुने गरेको हालैका केही घटनाहरूले समेत पुष्टी गरेको छ ।

बेचबिखन तथा ओसारपसारमा संलग्न गिरोह र दलालहरू विभिन्न भेषमा गाउँ, समुदाय र परिवारमै भेटिन्छन् त केही छद्मभेसी रूपमा चलखेल

गरिरहेको छन् । तसर्थ मानव सभ्यताको इतिहासमा कलङ्कको रूपमा रहेको मानव बेचबिखन तथा ओसार पसार जस्तो घृणित र जघन्य अपराधको नियन्त्रणमा लाग्नु जो कोही सभ्य व्यक्तिको साझा दायित्व हो ।

यसलाई न्युनीकरण गर्न स्थानीय देखि अन्तराष्ट्रिय स्तरसम्म विभिन्न किसिमका पहलहरू भएका छन् । जस अन्तर्गत निती नियम, कानुन, संविधान ,सन्धि महासन्धिमा परिमार्जन, निमार्ण, संसोधनका साथै अनुमोदन र हस्ताक्षर अनि बहस पैरवी तथा जन वकालत आदी छन् ।

नेपालमा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ तथा यसको नियमावली २०६५ आएको पनि करिव ४, ५ वर्ष भइसकेको छ जसको मुख्य व्यवस्थाहरू निम्न छन् ;

१) पीडित आफैले उजुर दिएमा जिल्ला अदालतमा निजको तत्काल बयान गराउनुपर्ने ।
२) बयान क्षेत्राधिकार भित्र नपर्ने भएमा समेत प्रमाणित गर्नुपर्ने ।
३) त्यस्तो बयान प्रमाणमा लिन सकिने ।
४) उजुरी गर्नेको नाम गोप्य राखिने ।
५) पक्राउ गर्न वा खानतलासी दिन सकिने ।
६) प्रमाणको भार प्रतिवादीमा रहने ।
७) दोभाषे (भाषा अनुवादक) राख्न पाउने` ।
८) उद्धार, पुनःस्थापना केन्द्र, पुनःस्थापना कोषको कानुनी व्यवस्था भएको ।
९) २० वर्ष सम्म कैद र २ लाख रूपैयाँसम्म जरिवाना हुने ।
१०) प्रतिरक्षाको सुविधाअनुसार बचाउ गर्दा पिडकको मृत्यु हुन गएमा सजाय नहुने ।
११) क्षतिपूर्तिको अधिकार अनुसार जरिवानाको आधा क्षतिपूर्ति दिइने, पिडितको मृत्यु भएमा हकवालाले पाउने र हकवाला नभएमा पुनःस्थापना कोषमा जम्मा हुने ।
१२) सुराकीलाई १० प्रतिशत पुरस्कार दिने ।
१३) सुराकीको विवरण गोप्य राखिने ।
१४) सञ्चार माध्यम तथा कानुन प्रकृयामा समेत सक्कली नाम प्रसार गर्न नहुने ।
१५) पीडित र साक्षीको संरक्षण हुने ।
१६) बन्द ईजलासमा कारवाही हुने ।

मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ मा केही राम्रा पक्ष हँदा हुँदै पनि यसको व्यवहारिक



कार्यन्वयन पक्ष भने कमजोर रहेको छ र यसलाई प्रभावकारी बनाउन निम्न बुदांहरूमा सुधार गर्नुपर्ने देखिन्छ जस्तै;

- वेश्यावृति र वेश्यागमन गर्ने भन्ने शब्दको सट्टा यौनशोषण गर्ने भनी उल्लेख गर्नु पर्दछ ।
- नेपाल भित्र वा बाहिर जुनसुकै ठाउंमा बेचिएको रहेछ भने बेचिएको व्यक्तिको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नुपर्ने छ भन्ने उल्लेख हुनु पर्दछ ।
- आन्तरिक बेचबिखनलाई स्पष्टरूपमा सम्बोधन गर्नु पर्दछ ।
- मानिस किन्ने वा बेच्नेलाई एक जना बेचिए बराबर २ लाख जरिवाना हुनु पर्ने छ ।
- क्षतिपूर्तिको रकम लिन नपाउंदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी पनि नभए निजमा आश्रित बाबुआमालाई दिइनेछ भन्नेमा, आश्रित सासु ससुरा अथवा इच्छाएको व्यक्ति पनि थप्नु पर्ने ।

- पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे वा अनुवादक राख्न सक्नेछ भन्ने व्यवस्थाको सट्टा अदालतबाटै व्यवस्था हुनु पर्ने ।
- प्रभावितको स्वीकृति नलिई नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्तिलाई दश हजार रूपैयाादेखि पच्चीस हजार रूपैयासम्म जरिवाना हुनेछ भन्ने व्यवस्था भएकोमा अवस्था अनुसार १ वर्ष देखि ३ वर्ष कैद तथा ५० हजार देखि एक लाख सम्म जरिवाना हुनु पर्दछ ।
- सुचना दिने व्यक्तिलाई पुनःस्थापना कोषबाट २५ % पुरस्कार दिने व्यवस्था हुनु पर्दछ ।
- क्षतिपूर्तिको रकम शतप्रतिशत पिडितले पाउनु पर्दछ ।
- प्रहरी कार्यालयले पीडितको बयान गराउदा महिला प्रहरी मार्फत गराउनु पर्दछ ।
- यदि जिल्ला अदालतमा समेत बयान दिनु पर्ने भएमा महिला कर्मचारी मार्फत बयान गराउनु पर्दछ ।
- लाटो बहिरोको हकमा शुरू देखि नै दोभाषेको व्यवस्था हुनु पर्दछ ।
- बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्नु पर्दछ ।
- राष्ट्रिय समितिको बैठक आवश्यकता अनुसार बस्ने छ भन्ने उल्लेख भएकोमा बैठक कम्तिमा दुई माहिनामा एक पटक बस्नु पर्ने छ ।
- पारिवारिक पुर्नमिलन गराउँदा पिडीतलाई र निजको परिवारलाई पूर्ण सुरक्षा हुने अवस्था नभएमा घर परिवारमा पठाउनु हुदैन । आवश्यकता अनुसार पुनःस्थापना केन्द्रमा नै राख्ने व्यवस्था मिलाउनु पर्दछ ।
- राष्ट्रिय स्तरमा सचिवालयको व्यवस्था गरी पुनःस्थापना केन्द्रले गरेको कामको अनुगमन, निरिक्षण गरी पिडीतको सम्पूर्ण अभिलेख राख्ने र पुनःस्थापना केन्द्रको योजना एवं हेरचाह कस्तो छ सो बारे ध्यान दिनु पर्दछ ।
- उद्धार तथा पुनःस्थापना नीति, पुनःस्थापना केन्द्र संचालनको न्युनतम मापदण्ड, केन्द्रिय स्तरको सूचना तथा तथ्यांङ्कको व्यवस्था गर्नु पर्दछ ।

त्यस्तै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा वैदेशिक रोजगार ऐन २०६४ मा बाझिएका विषयहरूलाई सुधारदै यी दुवै ऐन बीच सामन्जस्यता आवश्यक छ ।

स्मरणीय रहोस्, मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना २०६८ आइसकेको छ । जसले प्रमुख ५ वटा प्राथमिकता क्षेत्रका आधारमा कार्ययोजनाको निर्माण गरेको छ, जुन निम्न छन्ः १.निरोध, २.संरक्षण, ३.कानुनी कारवाही, ४.क्षमता विकास र ५.समन्वय, सहयोग र सहकार्य । अब यस कार्ययोजनाको सबै भन्दा महत्वपूर्ण पाटो सम्पूर्ण सरोकारवाला निकायहरूबाट प्रभावकारी कार्यन्वयन रहेको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) २०६४ र अन्य कानुनी व्यवस्थाहरूलाई समेत कार्यन्वयन गर्ने, समुदाय स्तरमा पुऱ्याउने र सचेतना जगाउने काम महिला तथा बालबालिका बेचबिखन विरूद्ध राष्ट्रिय सहकर्मी समूह (एटविन)सदस्य संस्था लगायत अन्य सरकारी तथा गैर सरकारी संस्थाहरूको मुख्य भुमिका रहेको छ । साथै, आगामी दिनमा पनि यसका लागि सक्रिय रूपमा लाग्नुपर्ने जिम्मेवारी सम्पँर्ण संघसंस्थाका प्रतिनिधिहरू र राज्यको प्रमुख भुमिकारहने छ । त्यस्तै गरेर, अन्तराष्ट्रिय सन्धि, अभिसन्धि तथा महासन्धिको व्यवस्थालाई नेपालको कानुनमा व्यवस्था गर्ने सबै सरोकारवाला गैर सरकारी संस्था तथा नागरिक समाजहरूको भूमिका जरूरी छ । यसका साथै, बेचबिखनबाट प्रभावित तथा प्रभावितहरूको संस्थाहरूले हरेक क्षेत्रमा अगुवाइका रूपमा आउनु पर्ने देखिन्छ । यस मुद्दालाई बेचबिखनबाट प्रभावितहरूले जति आत्मसात गर्न सजिलो हुन्छ, पढेर र सुनेर अन्यले त्यत्तिकै यस मुद्दालाई अगाडि बढाउन केही ढिला र समस्या हुन सक्छ । तसर्थ आ-आफ्नो क्षेत्रबाट मानव बेचविखन तथा ओसारपसारको मुद्दालाई आफ्नो समाज र राज्यको मुख्य कार्यमा पारी यसको रोकथाम नियन्त्रण गर्न समाज र राज्यबाट जिम्मेवार पक्षले जोड दिनु आजको आवश्यकता हो ।

● ● ●

# यौन पेशा बाध्यता हो कि रहर ?



• शर्मिला श्रेष्ठ

"

**यसरी काम गर्ने धेरै महिला दिदीबहिनीहरूको सम्बन्ध पहुँचवाला व्यक्ति, व्यापारी पेशाकर्मी र राजनीतिक व्यक्तित्वहरूसँग हुन्छ र उनीहरू साधारणतया कारवाहीको दायरमा आउँदैनन् पनि । अर्को, सडकमा बसेर यौन पेशा गर्नेहरू जसले रोजीरोटीका लागि यौन पेशा अपनाएका हुन्छन् ।**

"

यौन पेशा शुरूवात गर्न जति सजिलो छ त्यति नै कठिन यो पेशा छाड्नलाई छ । नेपाल जस्तो पितृसत्तात्मक सोच हाबी भएको देशमा महिलाहरूलाई त्यसमा पनि महिला यौनकर्मीहरूलाई जीवनयापन सजिलो छैन् । अर्थात् कष्टकर जीवनयापन छ ।

यौन पेशा एउटा पुरानो पेशा हो भनिन्छ र यो सदियौँदेखि यथावत् चलिआएको छदैछ भन्दा कसैको दुईमत नहोला । नेपालमा बिशेषत् २ प्रकारका यौनकर्मीहरूका बारेमा कुरा गरेको पाइन्छ । आफ्नै खुशीले यौन पेशा गर्ने एकातिर छन् जो प्रायः ठूल्ठूला होटल रेस्टुरेन्टमा कामदारका रूपमा काम गर्छन् र यौन पेशापनि गर्छन् । यसरी काम गर्ने धेरै महिला दिदीबहिनीहरूको सम्बन्ध पहुँचवाला व्यक्ति, व्यापारी पेशाकर्मी र राजनीतिक व्यक्तित्वहरूसँग हुन्छ र उनीहरू साधारणतया कारवाहीको दायरमा आउँदैनन् पनि ।

अर्को, सडकमा बसेर यौन पेशा गर्नेहरु जसले रोजीरोटीका लागि यौन पेशा अपनाएका हुन्छन् । उनीहरु अन्य विकल्प नै नभएर यौन पेशामा आएका हुन्छन् ।

यदि कोही स्वेच्छाले यौन पेशा अँगाल्छन् भने त्यो नितान्त उसको व्यक्तिगत अधिकारको रोजाई हो जुन कुराको बारेमा हामी केही भन्न चाहदैनौं । तर जसलाई अन्य कसैले यो पेशामा आउन बाध्य पारिराखेको छ त्यो व्यक्तिको हकमा केही कुरा चर्चा गर्न चाहन्छु । खासगरी सडकमा बसेर आफ्नो शरीर बेचि जाहन बच्चा पाल्ने उदार महिला, उसको बारेमा कसले बोल्ने त ? नेपालीमा एउटा भनाई छ जो होचो उसैकै मुखमा घोचो, अर्थात् सबैले कमजोरलाई नै लखेट्छ । यस्तै कमजोर समुहमध्ये यौनकर्मी महिलाहरू जो सडक जीवन बिताउन बाध्य छन् । त्यसैले उनीहरूमाथि हरेक क्षण यौन हिंसा मात्र नभएर शारीरिक र मानसिक यातना भइराखेको हुन्छ ।

यौन पेशा गर्नु तपाईंको रहर हो कि बाध्यता हो भनी सोध्दा पक्कै पनि व्यक्ति पिच्छे फरक फरक आवाज आउँछ होला । फरक बिचार

# मीनाको दुःख

मीना (नाम परिवर्तित) दलित परिवारकी २६ बर्षिया महिला हुन् । उनको विवाह १६ बर्षकै उमेरमा भयो । हाल उनी तीनजना छोरीकी आमा पनि हुन् । डेरामा बस्नु पर्ने बाध्यता र दैनिक गुजाराका लागि मज्दुरी गर्नुपर्थ्यो । माहिली छोरी गर्भमा रहँदा उनलाई आफ्नै सासुले एक जना अपरिचित पुरूष सँग भेट गराइदिइन र उक्त पुरूषसँग उनको यौन सम्बन्ध अगाडि बढ्दै गयो । उनलाई सो पुरूषले जति रकम दिन्छ त्यो सम्पुर्ण सासुलाई बुझाउनु पर्थ्यो । यसरी दिन बित्दै गयो मीनाको सम्पर्कमा नयाँ नयाँ पुरूष आउने क्रम बढ्दै गयो । यस्तैमा एकपटक उनको गर्भ रहन गयो र सुत्केरी पनि भइन तर धर पाइनन् । मीनाले पर-पुरूषसँग सम्बन्ध राख्ने चाहना नहुँदा नहुदै र शरिरले नसकी नसकी पनि सासुको डरले अन्य पुरूषहरूसँग सम्बन्ध राख्नु पर्ने बाध्यता बढ्दै गयो । नमानौ भने सासुले श्रीमानसँग छोडपत्र गराइदिने धम्की दिन्थिन् र मीना शरिर बेचेरै घरपरिवारको गुजारा गर्न बाध्य भइन् । अझैसम्म त्यो क्रम जारी छ । लामो सुस्केरा हाल्दै मीना बारम्बार भन्ने गर्छिन्, 'आफ्नो पढाइ छैन, श्रीमान नि गतिलो परेन, शरिरै बेच्ने सिवाय मेरो के नै शीप छ ! फेरि बच्चा पनि पाल्नै पर्‍यो । बाबुले जस्तो छाडेर जान म सक्दिन, खोइ मेरो दुःखको कहिले अन्त्य होला र !'

यो त एउटी मीनाको आवाज मात्र हो । यस्तै दुःखको सागरबाट मुक्ति पाउने आशै आशमा जीवन गुजारिरहेका थुप्रै मीनाहरू हाम्रै वरपर होलान् । तिनको आवाज कसले सुन्ने ? र कहिले सुन्ने ?

आउनु अस्वभाविक पनि त होइन तर स्वयम् एउटी महिला जो यो पेशालाई आफ्नो रोजीरोटीको पेशा बनाई जीवनयापन गर्दै आइरहेकी छन् उसलाई सोध्ने हो भने यो पेशा उसको बाध्यता भएको तितो अनुभव पक्कै पनि बताउँछिन् । दक्षिण एसियाकै गरिब मुलुक नेपाल जहाँ अझै पनि ४१ प्रतिशत महिलाहरू शिक्षाको उज्यालो घामबाट बञ्चित छन् । शिक्षित वर्ग पनि बेरोजगारको चपेटामा परेका छन् त्यसमा पनि पुरुष युवा विदेश पलायन हुने त यहाँको नियती नै बन्न पुगेको छ । यो अवस्थामा यौनकर्मी महिलाहरूले रोजगारी पाउने अवस्था त छदै छैन भन्दा पनि अत्युक्ति नहोला । यौन पेशा अँगाल्ने महिलाहरूलाई घर परिवार र समाजले हेर्ने दृष्टिकोण नै फरक हुन्छ । उनीहरूले अँगालेको यौन पेशालाई गैरकानुनी, अनैतिक र चरित्रहिन मान्ने प्रवृत्तिले गर्दा यौनकर्मी महिलाहरू बढी जोखिमको सिकार बन्न पुगेका मात्र छैनन् उनीहरूमाथि दोहोरो हिंसा भएको विभिन्न अध्ययन अनुसन्धानले पनि पुष्टी गरिसकेको छ । हुन त यौनकर्मी महिलाहरूको जोखिम कम गर्न थुप्रै संघ संस्थाहरूले काम गर्दै आइरहेका छन् तर ती कार्यक्रमहरु कण्डम लगाऔं एड्स भगाऔ भने झै एच.आइ.भी र अरू यौन रोग सर्न र अरूलाई सार्नबाट बचाऔं भन्ने एउटा नारामा सीमित भएको पाइन्छ । उनीहरूलाई यो पेशाबाट वाहिर ल्याउन र उनीहरू माथि हुँदै आएको शोषण रोकन यौनकर्मीहरूलाई आफ्नो खुट्टामा उभिन र आत्मनिर्भर बनाउन संघसंस्थाहरूले खासै पहल गरेको देखिदैन । जबसम्म यौनकर्मी महिलाहरूलाई सशक्त बनाउन कुनै ठोस कदम चालिदैन तबसम्म महिला यौन कर्मीमाथिको हिंसा रोकिदैन । हुन त नेपालमा २४,००० देखि ३४,००० सम्म यौनकर्मी छन् भन्ने अनुमान गरिन्छ । तीन करोड जनसंख्यामा हेर्ने हो भने हुन त यो संख्या कमै देखिन्छ । त्यसैले ध्यान नगएको पो हो कि ! वा ती त वेश्या हुन्, आफ्नै रहर र रमाइलो जिन्दगी बिताउन अनैतिक काम गर्ने महिलाहरु हुन् भनी चासो दिन

# आफ्नै श्रीमान्‌बाट बेचिइन् मालती

मालती गरिब थारू परिबारबाट मण्डल परिवारमा बिहे गरेर आएपछि १ छोरा र ३ छोरीकी आमा बन्न पुगिन् । गाउँमा अनेकन कष्ट गर्दा पनि दुई छाक धान्न धौ धौ परेपछि श्रीमान् श्रीमती काम पाउने आशामा राजधानीमा आइपुगे । धेरै प्रयासका बावजुद पनि काम नभेटेपछि रातदिन श्रीमान् श्रीमती बीच कलहको आगो दन्कन थाल्यो । बच्चाहरूलाई भोक भोकै सुताउने बाहेक उनीहरूसँग अरू उपाय भएन । एवम् प्रकारले समय बित्दै गयो । एक दिन दिउँसो मालतीको श्रीमान् २ जना अपरिचित लोग्नेमान्छेका साथ डेरामा आए । केही समय बाहिर गएर आउँछु भनी आफू बाहिर हिंडिदिए । एकजना लोग्ने मानिसले मालतीलाई शारिरीक सम्पर्कका लागि प्रस्ताव राखे र समझदारीमा कोठामा मालतीले त्यो लोग्नेमान्छेसँग केही समय बिताइन् । उनले बदलामा केही पैसा पाइन् । श्रीमान्‌ले थाहा पाउला कि भनेर मालती निकै डराइन् । दिन बित्दै गयो । एवम् प्रकारले मालतीले पैसाका खातिर परपुरुषहरूसँग यौन सम्बन्ध बढाउन थालिन् ।

घर गृहस्थी राम्रै चल्न थाल्यो । मालतीलाई शङ्कै भएन कि सँगै जीउने सँगै मर्ने बाचा गरेको श्रीमान्‌बाट नै आफू बेचिंदै छु भन्ने ।

आजकाल त मालतीले परपुरूषहरूसँग यौन सम्बन्ध राखेर कमाएको पैसाले घर मात्र चलाउँदिनन्, श्रीमान्‌लाई हरेक दिन रक्सी खान र अन्य महिलाहरूसँगै मोजमस्ती गर्न पनि खर्च पुऱ्याउनु पर्छ । मालती जस्तै हाम्रा थुप्रै महिला दिदीबहिनीहरु अहिले पनि यसरी नै हरेक दिन श्रीमानहरूबाट बेचिराखेका छन्...

नखोजिएको पो हो कि ! यो एउटा गम्भीर प्रश्न हामी माझ छदैछ । नेपालको सन्दर्भमा भन्नुपर्दा यौनकर्मी महिला समूह अपहेलित मध्येका पनि अपहेलित हुन् । यिनीहरूको आवाज सुनिदिने कोही छैन सोच्नुपर्ने छ, यिनीहरू आफ्नो पीडा सुनाउन कहाँ जाने ? न्याय माग्न जुनसुकै निकायमा जाँदा पनि अपमानित र अपहेलित भएर फर्कन विवस छन् यी यौनकर्मी महिलाहरु । यसैमध्ये २ जना महिलाहरूको अनुभव यहाँ राख्न चाहन्छु । हुनत महिला अधिकार र महिला सशक्तिकरणकालागि काम गर्ने संस्था र महिला अधिकारकर्मीहरू थुप्रै छन् तरपनि महिलाहरूको पक्षमा न्याय निसाफ भने कमै मात्र भएको व्यवहारमा पाइन्छ ।

यौन पेशासँग जोडिएको एउटा संवेदनशील विषय यहाँनिर संक्षिप्त चर्चा गर्नु सान्दर्भिक हुनेछ र त्यो हो सन्तानको पहिचानको मुद्दा । यौनकर्मी महिलाहरु हरेक क्षेत्रबाट शोषित हुँदै आइरहेको भन्नेमा त कुनै शंका रहेन यौनकर्मी महिलालाई महिला र मानवको रूपमा स्थापित गर्न सकेमा उनीहरूबाट जन्मने सन्तानले यो देशमा नागरिक भएर बाँच्ने अधिकार पाउने थिए ।

महिलाको पहिचान सदैव पुरुषसँगको नाताबाट गरिन्छ । विवाह पूर्व बुवाको नाताबाट विवाहपछि श्रीमान्‌को नाताबाट । महिलाहरूले आफ्नो कोखमा ९ महिना पालेर जुन सन्तानलाई जन्म दिन्छिन् उही सन्तानको पहिचान स्वयम् आमाले दिन नसक्ने अवस्था छ जसले महिलाहरूलाई अझ बढी हिंसामा पर्न बाध्य बनाइ राखेको छ । जबसम्म सम्पूर्ण मानवलाई एकै खालको व्यवहार गरिदैन महिलाको सशक्तिकरण पनि हुँदैन र महिला मानव अधिकारको संरक्षण पनि हुँदैन ।

**(लेखिका वाच संस्थासँग आवद्ध हुनुहुन्छ ।)**

# सम्बन्धित ऐनमा परिवर्तन आवश्यक



श्री शेख चाँदतारा राष्ट्रिय महिला आयोगकी नवनियुक्त अध्यक्ष हुनुहुन्छ । ४३ वर्षीया व्यवस्थापनमा स्नातक गर्नुभएकी अध्यक्ष चाँदताराले २०६८।०७।२८ देखि आयोगको नेतृत्व सम्हाल्दै आउनु भएको छ । राष्ट्रिय महिला आयोगले महिला तथा बालिका बेचबिखन विरूद्ध गर्दै आइरहेको काम कारवाहीका विषयमा अध्यक्ष चाँदताराले एटविनका लागि पत्रकार अनिल अधिकारीलाई दिनु भएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ :

**"माइती नेपाल, एटवीन तथा अन्य संस्थाले महिला तथा बालबालिका बेचबिखन विरुद्ध धेरै काम गरिरहेका छन्, जुन सराहनीय छ। साथै, महिलाहरू पनि विस्तारै जागरुक हुने क्रम बढेको छ।"**

**● राष्ट्रिय महिला आयोगले हाल प्रमुख रुपमा के के कार्यहरू गरिरहेको छ ?**

यसले घरेलु हिंसाबाट पीडित महिलाहरूको समस्या सुन्ने र सम्बन्धित निकायमा सिफारिस गर्ने, जिल्ला जिल्लामा गई अनुगमन गर्ने, सार्वजनिक सुनुवाई अन्तरक्रिया जस्ता कार्यक्रम गरेर महिलाहरूको समस्या बुझी समाधानको बाटो खोज्ने काम गर्दै आइरहेको छ । साथै आयोगको कामलाई प्रभावकारी रूपले अगाडि बढाउन ५१ जिल्लामा सञ्जाल गठन गरेको छ ।

**● आयोगले महिला तथा बालिका बेचबिखन विरुद्ध के के गर्दछ ?**

बेचबिखन विरूद्ध आयोगले काम थालेको पहिले देखि नै हो । हाल यसले महिला तथा बालबालिका बेचबिखन विरूद्ध बनेको ऐनलाई आम जनमानसमा फैलाउन विभिन्न क्रियाकलापहरू गर्दै आइरहेको छ ।

**● महिला तथा बालबालिका बेचबिखन विरुद्ध क्रियासिल संस्थाहरूको विषयमा यहाँको टिप्पणी के छ ?**

माइती नेपाल, एटविन तथा अन्य संस्थाले महिला तथा बालबालिका बेचबिखन विरूद्ध धेरै काम गरिरहेका छन्, जुन सराहनीय छ । साथै, महिलाहरु पनि विस्तारै जागरूक हुने क्रम बढेको छ ।

**"एउटा मुस्लीम समाजको महिला, महिला आयोगको अध्यक्ष हुनु पहिलो घटना हो र अर्को कुरा म आएदेखि आयोगको अवस्थामा परिवर्तन भएको मैले अनुभव गरेकी छु। साथै सम्बन्धित ऐनमा परिवर्तनको कुरा उठाउँदै आइरहेको छु।"**

**• नीतिगत तहमा आयोगले कस्ता कस्ता मुद्दाहरु उठाउँदै आइरहेको छ ?**

आयोगले नागरिकतामा आमाको नामले सहज रूपमा नागरिकता पाउन कस्तो नीति हुनुपर्ने, राजनीतिमा महिलाको पहुँच बढाउन, निर्वाचन प्रणाली महिलाको हितको हुनुपर्ने, प्रजनन् स्वास्थ्यमा महिलाको अधिकार सुनिश्चित हुनपर्ने आदि जस्ता मुद्दाहरू उठाउँदै आएको छ ।

**• आयोगले विभिन्न सरोकारका संघसंस्थाहरूको सहकार्यमा विभिन्न जिल्लाहरूमा गर्दै आइरहेको अनुगमनको अवस्था कस्तो छ ? यसले महिलाहरुको अवस्थालाई कसरी झल्काएको छ ?**

जिल्लाहरुमा आयोगबाट हुँदै आइरहेको अनुगमनको अवस्था सन्तोषजनक नै मान्नु पर्दछ । कम साधन र स्रोतमा पनि काम राम्रै भएको छ । यसबाट प्राप्त जानकारीको आधारमा जिल्लामा महिलाहरूको अवस्था खास राम्रो छैन । एक त नियम कानुनको अभाव छ र अर्को केही कानुन भएता पनि कार्यान्वयन गर्न गाह्रो भइरहेको छ ।

**• जिल्लासम्म आयोगको संयन्त्र पुऱ्याउने आयोगको के कस्तो योजना छ ?**

त्यसका लागि यसले सरोकारवाला संघ, संस्थाहरूसँग मिलेर सञ्जाल विस्तार गरेको छ ।भविष्यमा यसको आफ्नै शाखा विस्तार गर्ने योजना छ ।

**• आयोगले गर्दै आएको कामहरूबाट सन्तुष्ट हुनुहुन्छ ? आयोगको कामको प्रभावकारिता बढाउनका लागि अझ के के गर्नु पर्दछ भन्ने लाग्छ ?**

आयोगको कामबाट म सन्तुष्ट छु, कारण यसलाई जति अधिकार दिइएको छ, त्यो अनुसार काम गरेको छ । यसको प्रभावकारिता अझ बढाउनकालागि यसलाई अर्ध-न्यायिक अधिकार दिइनु पर्दछ ।

**• आयोगमा महिला तथा बालबालिका बेचबिखन विरुद्ध आउने मुद्दाको संख्या कति छ ?**

यहाँ दैनिक - ३ सम्म, मासिक - ५० सम्म, वार्षिक - ४०० सम्म मुद्दाहरू आउने गर्छन ।

**• यस विषयमा राज्यका अंग तथा सरोकारवाला संघसंस्थाहरूको भूमिका कस्तो पाउनु भएको छ ? यसलाई अझ प्रभावकारी बनाउनका लागि के के गर्नु पर्दछ ?**

यस विषयमा राज्यका अंग तथा सरोकारवाला संघसंस्थाको भूमिका राम्रो नै छ । तर जति यसमा लगानी लागेको छ, त्यस अनुरुप प्रतिफल पाउन सकिएको छैन ।

**• महिला तथा बालबालिका बेचबिखनविरुद्धको काम कारवाहीमा आयोगको अन्य सरोकारवाला संघसंस्थासँगको सहकार्य र समन्वयको अवस्था कस्तो छ ?**

यस विषयमा आयोगले समयसमयमा सम्बन्धित सरोकारवाला संघ-संस्थाहरूसँग सोधपुछ गर्ने, अनुगमन गर्ने काम गर्दै आइरहेको छ ।

**• अध्यक्षको हैसियतले काम गर्दाको मुख्य उपलब्धि र चुनौतीहरू के के हो ?**

उपलब्धि भन्नुपर्दा एउटा मुस्लीम समाजको महिला आयोगको अध्यक्ष हुनु पहिलो घटना हो र अर्को कुरा म आएदेखि आयोगको अवस्थामा परिवर्तन भएको मैले अनुभव गरेकी छु । साथै सम्बन्धित ऐनमा परिवर्तनको कुरा उठाउँदै आइरहेको छु। चुनौती त धेरै छन्, एक त साधन स्रोतको कमी र काम बढी । विभिन्न किसिमका विरोधका कुराहरु सुन्नु पर्दछ । साथै आफ्नो अधिकार सिमित हुँदा कतिपय महिलालाई अधिकार दिलाउनु ठूलो चुनौती भएको छ ।

**• अन्तिममा थप केही भन्नै पर्ने विषय छ कि ?**

अन्त्यमा, म के भन्न चाहन्छु भने जबसम्म देशमा महिला शिक्षित बनाइदैनन् र समाजमा चेतना फैलाइदैन, कहिल्यै पनि समाजबाट महिलामाथि हुने असमान व्यवहारको अन्त्य हुँदैन ।

• • •

# मानव बेचबिखन समस्या र रोकथाम



• जी.आर. भट्ट

दलालहरुले विभिन्न प्रलोभन, जालझेल गरी फकाएर बेचविखनको शिकार बनाउने सम्भावना प्रबल रहन्छ । आफ्नो अधिकारका बारेमा अनभिज्ञ भएको अवस्थामा दलालहरुले अपनाउने विभिन्न रणनीतिहरुका कारण बेचविखनका घटना रोकिन नसकिएको यथार्थ हामी सामू छ ।

मानव बेचबिखन तथा ओसार पसार निकृष्ट अपराध हो । कुनै पनि व्यक्तिलाई ललाई फकाई, डराई, धम्काई, बल प्रयोग गरी बँधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरी यौन शोषण वा अन्य जुनसुकै प्रयोजनका निम्ति मानव अधिकारको हनन् हुने गरी स्थानान्तरण गर्नु मानव बेचबिखन हो । व्यक्तिको स्वतन्त्रता, जीवन सुरक्षा, समानता र न्याय सम्बन्धि अधिकारहरूलाई कुण्ठित गरेर यो अपराधिक कार्य गरिन्छ । मानव अधिकार विरुद्ध गरिने यस्तो कार्यले हाम्रो समाजलाई थुप्रै पीडा दिएको छ ।



विश्वमा कुनै पनि मुलुक यस अपराधबाट अछुतो छैन । संयुक्त राष्ट्रसंघको पछिल्लो तथ्यांक अनुसार विश्वमा वार्षिक ४० लाख व्यक्तिहरूले यस अपराधको निशाना बन्नु परिरहेको छ । विकासको दृष्टिले पछाडी परेका मुलुक मात्र नभई अमेरिका, बेलायत, अष्ट्रेलिया जस्ता विकसित राष्ट्रहरूमा पनि मानव बेचबिखन जस्ता अपराध भएको देखिन्छ । यद्यपि एशिया प्रशान्त क्षेत्र नै मानव बेचबिखनका लागि मुख्य श्रोत स्थल हो । विकासोन्मुख तथा कमजोर राष्ट्रहरू बेचबिखनका लागि स्रोत हुन भने विकसित राष्ट्रहरू गन्तव्य।

नेपालको सन्दर्भमा भन्नुपर्दा यो एक स्रोत राष्ट्रका रूपमा सूचिकृत भएको छ । हरेक वर्ष नेपालबाट १० देखि १५ हजारसम्म महिला तथा किशोरीहरुको

बेचबिखन हुने गरेको अनुमान यस क्षेत्रमा कार्यरत संस्थाहरूको छ । आइएलओ, एपेकको अनुसन्धान प्रतिवेदन सन् २००१ का अनुसार १८ वर्षभन्दा मुनिका १२ हजार बालबालिका हरेक वर्ष यौनशोषणको प्रयोजनमा बेचबिखनमा पर्दछन् । नेपाल सरकारले नेपालका २७ ओटा जिल्लालाई उच्च जोखिममा रहेका जिल्ला भनेर तोकेको छ । यी मध्ये अधिकांश भारतसँग सीमा जोडिएका जिल्ला रहेका छन् । यद्यपि मानव बेचबिखनबाट नेपालको कुनै पनि जिल्ला भने अछुतो छैन ।

वर्तमान अवस्थामा बेचबिखनको जोखिमतालाई मध्यनजर गरेर रोकथामका उपायहरू अबलम्बन गर्नु नै बुद्धिमानी हुन्छ । सीमित स्रोत र साधनले मानव बेचबिखन रोकथाममा पर्याप्त उपलब्धी हाँसिल गर्न सक्ने अवस्था छैन । तसर्थ मानव बेचबिखनको उच्च जोखिममा रहेका व्यक्तिहरूमा सचेतना गर्न सकियो भने पनि रोकथामका क्षेत्रमा ठूलो उपलब्धी हुने थियो । नेपालको सर्न्दभमा हाल उच्च जोखिमा रहेका किशोरी र महिला नै हुन् । त्यसमा पनि सीमान्तकृत तथा पाखा पारिएका महिला तथा किशोरीहरू अग्रपङ्तीमा छन् । जस्तै काठमाण्डौं लगायत अन्य क्षेत्रका बसोबास बस्तीहरू, पछाडि पारिएका विभिन्न जनजातिहरू, अभावले ग्रसित समुदायहरू । यस्ता समुदायमा दलालहरूले विभिन्न प्रलोभन, जालझेल गरी फकाएर बेचबिखनको शिकार बनाउने सम्भावना प्रबल रहन्छ । आफ्नो अधिकारका बारेमा अनभिज्ञ भएको अवस्थामा दलालहरूले अपनाउने विभिन्न रणनीतिहरूका कारण बेचबिखनका घटना रोकिन नसकिएको यथार्थ हामीसामू छ ।



बेचबिखनको असर तथा परिणाम अत्यन्त कष्टकर हुन्छ । तैपनि दिनानुदिन बेचबिखनको प्रक्रिया चलिरहेको छ । यसका पछाडि थुप्रै कारणहरू छन् । हाम्रो सामाजिक संरचनालाई नै विज्ञहरूले समग्र कारणका रूपमा अघि सारेका छन् । महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक तवरले कमजोर स्थीति नै मानव बेचबिखनको कारण हो । सामान्यतया घरेलु हिंसा, शिक्षाको अभाव, रोजगारीको अभाव, विभेदकारी सामाजिक तथा धार्मिक संरचना, लोभ लालच, देखासिकी, बालविवाह, बहुविवाह र अनमेल विवाह यसका कारणहरू हुन् । त्यसैगरी यौन पर्यटन, अव्यवस्थित जनशक्ति निर्यात, पश्चिमा सँस्कृति र भूमण्डलीकरणको दुष्प्रभाव, राजनीतिक तथा प्रशासनिक प्रतिबद्धताको अभाव, कानुन कार्यान्वयनमा कमजोरी, अपराधीलाई विभिन्न शक्ति केन्द्रबाट संरक्षण तथा सूचनाको अभाव पनि बेचबिखन हुनुका कारणहरू हुन् ।

पछिल्लो समयमा वैदेशिक रोजगारीको नाममा झुक्किएर बेचबिखनमा परेका घटनाहरू बढ्दै गएका छन् । यो विषय महिलाहरूको आप्रवासन अधिकारसँग पनि जोडिएको छ । यद्यपि दलालहरूले वैदेशिक रोजागारीका नाममा बेचविखनमा फसाउने गरेका थुप्रै उदाहरणहरू छन् । तसर्थ अवैध तरिकाले वैदेशिक रोजगारीमा जानु महिलाहरूकालागि बेचबिखनको जोखिम मोल्नु हो । विदेश पुगेपछि जागिर पाउनुको सट्टा उद्धार गरिदिनका लागि आग्रह आउने क्रम रोकिएको छैन । यसरी असुरक्षित वैदेशिक रोजगारीले बेचबिखनको समस्या त एकातिर छँदैछ, सँगसँगै उक्त अवधिमा जन्मिएका सन्तानको नागरिकताको समस्या अर्कोतिर चूनौतिपूर्ण रहेको छ ।

मानव बेचबिखनबाट दलालहरूले उल्लेख्य आम्दानी गरेका छन् । बेचबिखनको प्रयोजन नै अवैध हो । यस्ता कार्यहरूमा यौन शोषण सबैभन्दा हिंस्रक स्वरूप हो । यसका साथै कलकारखानामा श्रम शोषण गर्न, घरेलु कामदारका रूपमा श्रम शोषण गर्न, सर्कसमा जोखिमपूर्ण कार्य गर्न बेचबिखन गरिन्छ । त्यसैगरी क्याबिन रेष्टुरेन्ट, डान्सबार, मसाज पार्लर, दोहोरी तथा गेष्ट हाउसमा सस्तो श्रमिक तथा जबरजस्ती यौन दासताको रूपमा प्रयोग गर्न, मनोरञ्जन स्थलमा उत्तेजक नृत्य गर्न लगाउने प्रयोजनसँगै निर्माण कार्यमा बाध्यात्मक श्रममा प्रयोग गर्ने, भीख माग्न वा चोरी तस्करीमा दुरूपयोग गर्न, यौन पर्यटनमा प्रयोग गर्न, बलपूर्वक विवाहका लागि पनि बेचबिखन गरिन्छ । त्यस्तै, अवैध हातहतियार तथा लागुऔषध ओसारपसार, मानव अंगको बेचबिखन, धर्मपुत्र/धर्मपुत्री बनाउन, कपडामा बुट्टा तथा जरी भर्ने जस्ता काममा लगाउन, अश्लील सिनेमा, नग्न तस्वीर र अप्राकृतिक यौन सम्पर्क गर्न र गराउन पनि मानव बेचबिखनको प्रयोजन हो ।

बेचबिखनको जोखिममा रहेका व्यक्तिहरूलाई दलालहरूले विभिन्न बहानामा फसाउने गरेका छन् । दलालहरूले अपनाउने विभिन्न प्रक्रियाहरूमा नक्कली विहे गर्ने, लागू पदार्थ खुवाएर बेहोस पार्ने, डरत्रास र धम्की दिने, हिंसाको प्रयोग गर्ने, ललाई फकाई वा जालझेल गर्ने रहेका छन् । त्यसैगरी शक्ति वा ओहदाको दुरुपयोग गर्ने, ऋण असुलीको बहानामा, वैदेशिक रोजगार तथा आकर्षक आम्दानीको प्रलोभनमा, विदेश अध्ययनको बहानामा, सामाग्रीहरू बिक्री वितरण गर्ने बहानामा बेचबिखन प्रक्रिया अपनाइएको देखिन्छ । यस्ता बहानाहरू प्रति सचेत हुन सकेमा मानव बेचबिखनबाट बच्न सकिन्छ ।

हाल मानव बेचबिखनविरूद्ध नेपालमा निजीस्तरबाट पनि चासो दिइएको पाइएको छ । सरकार, गैरसरकारी संस्थाहरू, समुदायमा आधारित सञ्जाल तथा संस्थाहरूले विभिन्न क्षेत्रमा मानव बेचबिखनको रोकथामकालागि कार्य गर्दै आएका छन् । पछिल्लो समयमा विभिन्न बैंक एवं वित्तीय संस्थाहरू, एनसेल मोबाइल कम्पनि लगायत अन्य नीजी स्तरबाट यस क्षेत्रमा लगानीको शुरूवात भएको छ, जुन सह्रानीय पनि छ । साथै, सरकारले विभिन्न जिल्लाहरूमा बेचबिखन प्रभावित तथा घरेलु हिंसामा परेका व्यक्तिहरूका लागि आवास गृहको व्यवस्था गरेको छ ।

आवास गृहमा क्षमता अभिवृद्धि तथा आयमुलक प्रशिक्षण क्रियाकालापहरू पनि समेटिएको छ । यसले राज्यले पनि बेचबिखनको समस्यालाई सम्बोधन गर्नका लागि अग्रसरता देखाएको बुझिन्छ ।

मानव बेचबिखन विरूद्धको नेपालको कानुनलाई दक्षिण एसियामै उत्कृष्ट मानिन्छ । मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४, पछिल्लोपटक संसोधन गरी लागू गरिएको छ । त्यसैगरी मानव बेचबिखन विरूद्ध राष्ट्रिय कार्ययोजना पनि सरकारले ल्याइसकेको छ । यसले मानव बेचबिखनलाई सरकारले गम्भिर रूपमा ग्रहण गरेको देखिन्छ । यति हुँदा हुँदैपनि कार्यान्वयनमा देखिएको फितलोपनाले यसको प्रभावकारीतामा ह्रास ल्याएको छ । अर्कोतिर दलालहरूलाई विभिन्न शक्तिकेन्द्रको संरक्षणका कारण बेचबिखनविरूद्धको राष्ट्रिय अभियानमा ठूलो धक्का पुगेको छ । दलालहरूको मनोबल कमजोर पार्नका लागि राजनीतिक प्रतिबद्धता र त्यसको इमान्दारीपूर्ण कार्यान्वयनको पनि खाँचो देखिएको छ ।

पछिल्ला केही वर्षयता मानव बेचबिखनको परम्परागत प्रक्रियाहरूमा ठूलो परिवर्तन आएको छ । अहिले मानव बेचबिखन विरूद्धको अभियानले नेपालमा नयाँ उचाई लिइरहेको छ । मानव बेचबिखन निराकरणका लागि समुदाय र सरोकारवालाहरू नजिकिदै गएको देखिन्छ । राज्यका नीति नियम र कानुनले मानव बेचबिखन अपराधलाई रोक्नका लागि स्पष्ट व्यवस्था गरेको छ । ती व्यवस्थाहरूको कार्यान्वयन भने फितलो छ । जसले निर्धारित लक्ष्यमा पुग्न थप गृह कार्यको खाँचो देखिन्छ । मानव बेचबिखन रोकथामका लागि अहिलेको सबैभन्दा उपयुक्त र अन्तिम विकल्प हो, सामुदायिक सचेतना ।

**(लेखक शक्ति समूहमा कार्यरत हुनुहुन्छ ।)**

# पुन:स्थापना गृह भनेको सधैंका लागि होइन

चरीमाया तामाङ शक्ति समूहको संस्थापक सदस्य हुनुहुन्छ । सिन्धुकोट २ सिन्धुपालचोककी ३७ वर्षिया चरीमायाले २ कार्यकाल शक्ति समूहको नेतृत्व सम्हालिसक्नु भएको छ । हाल ११ कक्षा अध्ययनरत् वहाँ २०५० सालमा बेचबिखनमा पर्नुभएको थियो । २०५२ सालमा उद्वार गरी नेपाल ल्याइएकी चरीमाया हाल शक्ति समूहको होस्टल अधिकृत तथा मनोविमर्शकर्त्ताका रूपमा कार्यरत हुनुहुन्छ । आधुनिक दासत्व अन्त्यका लागि क्रियाशिल नायक पुरस्कार २०११ (The 2011 Hero Acting to end Mondern Slavery) बाट र नेपालका ४० वटा जति संघ संस्थाबाट समेत सम्मानित चरीमायासँग ओसार पसारका लागि एटविनका कार्यक्रम संयोजक बेनु मायाले लिनुभएको अन्तरवार्ताको मुख्य अंश यहाँ प्रस्तुत गरिएको छ ।

**"बेचबिखन विरुद्ध काम गर्छु भन्ने निश्चित थिएन तर जुन दुर्घटना मेरो जीवनमा घट्यो, जुन परिस्थीति मैले भोगें त्यो परिस्थीतिमा पर्नबाट अरु दिदी बहिनीहरुलाई पनि बचाउनुपर्छ र म आफू पनि यो समाजमा अन्य नागरिक सरह सम्मानित भएर बाँच्न पाउनुपर्छ भन्ने ठान्न थालेको थिएँ ।"**



**● तपाई महिला बेचबिखन विरुद्धको अभियानमा लागेको कति भयो ?**

२०५३ सालदेखि हो ।

**● कसरी लाग्नु भयो ? पृष्ठभूमि बताइदिनुहुन्थ्यो कि !**

पहिलो त म आफै बेचबिखनबाट प्रभावित हो । यो घटनामा पर्नु अघि मेरो अर्कै सोच थियो । जीवनमा आफ्नो लागि स्वयंले गर्नुपर्छ भन्ने थियो । बेचबिखन विरूद्ध काम गर्छु भन्ने निश्चित थिएन तर जुन दुर्घटना मेरो जीवनमा घट्यो, जुन परिस्थीति मैले भोगें त्यो परिस्थीतिमा पर्नबाट अरू दिदी बहिनीहरूलाई पनि बचाउनुपर्छ र म आफू पनि यो समाजमा अन्य नागरिक सरह सम्मानित भएर बाँच्न पाउनुपर्छ भन्ने ठान्न थालेको थिएँ । भाग्यवस् मैले भोगेको समस्यालाई भोगेका साथीहरूको संगत पनि मिल्यो । शक्ति समूहमा संगठित भएर अगाडी बढ्ने एउटा माहौल बन्यो । त्यसले गर्दा पनि व्यक्तिगत

सोचलाई एउटा संगठित भएर संस्थागत बनाउन पनि सफल भयौं ।

**● शक्ति समूहको गठन पश्चात प्रभावितहरुमा कस्तो भावनाको विकास भएको छ ?**

बेचबिखन संगठनिक अपराध हो । यसको न्यूनीकरणमा एउटाले मात्र चाहेर केही हुँदैन । व्यक्तिले चाहेको सोच, संगठित हुने साथी संगी र त्यो माहौललाई अझ मजवुत बनाउन सहयोगी हातहरू र सहयोगी निकायहरूको आवश्यकता पर्दो रहेछ भन्ने पभावितहरूले रामरी बभेका छन् । साभा सवाल भएकाले यस विरूद्ध लड्न प्रभावितहरूले संगठित बन्न पर्ने महशुस गरेका छन् । एउटा संगठनको शुरूवात भएको छ । संगठनलाई संस्थागत बनाउनका लागि विभिन्न सहयोगी हातहरूको सहयोग पाइएको छ ।

**● यस अभियानमा लागदाको शुरुआतको अवस्था कस्तो थियो ?**

काम गर्नुपर्थ्यो । हामी आफूपनि यो समाजमा सम्मानित जीवन जीउनका लागि लडाइमा उत्रिएको हो भन्न सक्ने अवस्था थिएन । यहाँसम्म कि शक्ति समूह पनि बेचबिचन प्रभावितविभिन्न हिंसा प्रभावित महिलाहरूले खोलेको संस्था हो भनेर संस्थाको परिचय दिने गरेका थियौ भने दिदी बहिनीको संस्था हो भन्नलाई हामी बेचबिखनबाट प्रभावित हौं भन्न हामीलाई ७,८ १० वर्ष लाग्यो । १० वर्ष पछिको दौरानमालागे पछि बल्ल शक्ति समूहमा आवद्ध प्रभावितहरूले आफ्नो पहिचान खुलाएर हामी प्रभावितहरू हौ र शक्ति समूह विश्वको पहिलो संस्था हो र हाम्रो संस्था प्रभावितहरूको संस्था भन्ने एउटा वातावरण पाएको छ ।

**● त्यसबेला कस्ता समस्या र चनौतीहरू भेलुपऱ्यो ?**

पहिला त हामी आफै पनि अहिलेको जस्तो परिपक्व थिएनौं । हामीलाई व्यावहारिक ज्ञान एवं, सहयोगी हातहरू त्यति थिएनन् । अर्को समस्या भनेको हामी आफैमा पनि बेला बेलामा दुविधा थियो । हामी कुन बाटोलाई लिएर अगाडी जाने ? आफ्नो समस्याको कुरालाई पहिचान बनाएर अगाडी जानेकि वा हिजो समस्यामा परेका थियो आज हामी अभियानकर्ता हौ भनेर अगाडी बढ्ने ? कि त्यो कुरालाई छाँयामा राखेर अरू संस्था जस्तै हामी पनि बेचबिखनविरूद्ध काम गर्न संगठित भएको भनेर जाने ? त्यो कुरामा हामीलाई गाऱ्हो थियो । त्यो एउटा चुनौती पनि थियो हाम्रो लागि । अर्को कुरा कुन सहयोगी हात समात्ने भन्ने थियो । संस्थागत र व्यक्तिगत दुवैलाई सशक्त बनाउदै सहयोग गर्ने सहयोगी हातको पहिचान गर्ने काम पनि त्यतिबेला हाम्रो लागि कठिन थियो ।

> **केही मुद्दामा आफन्त र नातागोताका मान्छेहरु पनि दलालको भूमिका परेकोले कठिन हुने गरेको छ । प्रभावित दिदीबहिनीहरूले मुद्दा दर्ता गराउन आँट त गर्नु भएको छ तर निकै चुनौतीपूर्ण छ । कतिपयमा तल्लो घर माथ्लो घरका छिमेकी पनि परेका छन्, आफ्नै छिमेकी विरुद्ध जाने परिस्थीति कठिन छ । दिदी बहिनी हामीसँगै भएपनि सधैभरी हुनहुन्न ।**

**● त्यस बेलाको समय र अहिलेको समयमा के अन्तर पाउनु भएको छ ?**

त्यतिबेलाको ऐनले बेचबिखनलाई देहव्यापार कै लागि भनेर व्याख्या गर्थ्यो र अपराध प्रभावितले नै प्रमाणित गर्नुपर्थ्यो । हुन त अहिले पनि सोधिन्छ जस्तै भागेर आएको हो भने ट्रेनमा आएको हो कि बसमा ? टिकटहरू देखाउ भनेर । तर अहिलेको त्यो प्रश्न गर्ने शैली र त्यतिबेलाको र मुद्दा अभिलेख गर्ने क्रममा प्रश्न गर्ने शैलीमा आकाश जमिनको अन्तर छ । त्यतिबेला हामीलाई प्रत्यक्ष रूपमा गाली गर्ने र अझ निरूत्साहित गर्ने हिसाबले तँ तँ भन्थे । बोल्न नसक्ने कुराहरू खोजिन्थ्यो । तर अहिले भने थोरै र सहज छ । त्यतिबेलाको समाज मौन थियो र जे सुकै होस् भन्ने । अहिले फलानोलाई यस्तो भएछ, फलानोको घरमा यस्तो घटना घटेछ सहयोग गर्नुपर्छ भन्ने मानसिकता देखिन्छ ।

**● तपाई आफुले डर, धम्की र त्रास भेल्नु भयो होला नि !**

मेरो दाईले मलाई साथ दिएको कुराले दाईलाई मार्ने नियतले खुकुरी नै प्रहार गरे दलाल समूहले । वास्तवमा पाए मलाई नै मार्थे तिनले । म लुकेरै बसें ।

म कहाँ कसको शरण छु भन्ने कुराहरू गोप्य थियो। दलालहरूले मलाई खोजे। मुद्दा फिर्ता लिनका लागि पैसा दिने, राम्रो केटा खोजेर विवाह गरिदिने कुरा गरेर लोभमा फसाउन खोजे। म नवज्योती केन्द्रमा बसेको थिएँ। उनीहरू खोज्दै आइपुगे। डर, धम्की र त्रास त दिइरहन्थे तर मैले आफ्नो अडान छाडिँन र तिनका विरुद्ध डटिरहें।

**● सिन्धुपाल्चोकबाट बेचबिखनविरुद्ध मुद्दा हाल्ने तपाई पहिलो व्यक्ति हो भन्छन नि ?**

मानव बेचबिखनविरूद्ध मुद्दा दायर गर्ने पहिलो व्यक्ति पनि र पहिलो न्याय पाउने व्यक्ति म नै हो।

**● कानुनी लडाई लड्दा के के समस्या भेल्नु पर्‍यो ?**

हाम्रो मान मर्यादा थिएन। वेश्यालयबाट फर्किएकी फलानाको भविष्य अनिश्चित भनेर ठूलो हेडलाइनमा समाचार दिन्थ्यो। त्यो मात्र नभइकन सुरक्षाको प्रत्याभुति थिएन। शौचालयसम्म जानलाई पनि लुकेर जानु पर्थ्यो। मारिहाले नि कसैलाई चासो हुन्थेन। अहिले जस्तो आवाज उठ्थेन। रोजगार थिएन त्यसैले आर्थिक समस्या थियो।

**● सकारात्मक पक्ष पनि अनुभव गर्नुभयो कि !**

यो मुद्दामा म मात्र एक्ली छैन रहेछ भन्ने जानियो। सामुहिक एकताको भावना बढ्यो। मुद्दा लडेकै कारणले गर्दा समाजमा मेरो पहिचान बन्यो।

**● तपाईको मुद्दामा कति जनाले सजाय पाए ?**

८ जनालाई हो ४ जनालाई मिलेरमिलि ४ जना चाहि प्रमुख व्यक्ति हो।

**● कानुनी लडाई लड्दा कस्तो सहयोग पाउनु भयो ?**

त्यतिबेला म पुनःस्थापना केन्द्रमै बस्थे। त्यहाँबाट आतेजाते खर्च दिनहुन्थ्यो। अहिले जस्तो व्यक्तिगत रूपमा वकिलहरू राख्न सम्भव थिएन। जब मेरो मुद्दा फैसलाको प्रक्रियामा पुग्दा अन्य सरोकारवाला संस्थाहरूसँग समन्वय गरें जस्तो मेलम्ची स्थित महिला आत्म निर्भरता केन्द्र मेलम्ची। त्यो संस्थाको सहयोगमा विभिन्न उपलब्धीमूलक सूचना मैले पाएँ जस्तो गाउँमा दलाल के गर्दैछ ? उसको आफन्तले मेरो परिवारलाई के गरि राखेको छ ? मलाई के भनिराखेको छ आदि। अहिले जस्तो हात हातमा मोवाइल थिएन।

**● शक्ति समूहमा आवद्द प्रभावितहरु दिदी बहिनीहरुले कानुनी प्रक्रियामा जाँदा के कस्ता अवरोधहरू भेल्दै आइरहनु भएको छ? के कानुनी प्रकृया सहज छ ?**

सहज छैन। मुद्दा दायर गर्न जानै गाह्रो छ कतिपय दिदी बहिनीलाई आफू बेच्ने दलालको हुलिया नै थाहा हुन्न। दलाल को हो ? कहाँको हो ? पहिचान छैन। किटानी जाहेरी दिंदा व्यक्तिको हुलिया अनिवार्य भनेर कानुनले भन्छ। केही मुद्दामा आफन्त र नातागोताका मान्छेहरू पनि दलालको भूमिका परेकोले कठिन हुने गरेको छ। प्रभावित दिदीबहिनीहरूले मुद्दा दर्ता गराउन आँट त गर्नु भएको छ तर निकै चुनौतीपूर्ण छ। कतिपयमा तल्लो घर माथ्लो घरका छिमेकी पनि परेका छन्, आफ्नै छिमेकी विरूद्ध जाने परिस्थीति कठिन छ। दिदी बहिनी हामीसँगै भएपनि सधैभरी हुनुहुन्न। दिदी बहिनीहरूलाई आफ्नो खुट्टामा उभिएर गरी खानलाई बाहिर जानैपर्ने हुन्छ तर त्यसमा आफन्त भित्र अथवा चिनेजानेको मान्छेभित्र दलाल पर्‍यो भने त बाटैबाट उठाएर लग्ला कि भन्ने त्रास सदैव हुन्छ। दलालका आफन्त, साथीभाई पनि निकै धेरै संगठित हुन्छन्। दलाल उम्कने, छिमेकी देशको नाकामा बसिदिने उत्तिकै डर छ। दलाल थुनामा पर्दा उसका सहयोगी, आफन्तले दिनुसम्म धम्की, त्रास दिन्छन्। शक्ति समूहले यस्तो धेरै भोगेको छ।

**● महिला तथा बालबालिका बेचबिखन विरुद्धको चुनौतीपूर्ण काममा लागेकै कारण हालसालै अमेरिकी विदेश मन्त्री हिलारी क्लिन्टनबाट आधुनिक दासत्व अन्त्यका लागि क्रियाशिल नायक २०११ बाट पुरस्कृत भइसक्नु भएको छ। यो उपलब्धिले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा तपाईको पहिचान सुदृढ गर्न थप बल पुगेको ठान्नुहुन्छ ?**

अवश्य नै बल पुगेको छ। पहिले हाम्रो पहिचान आफ्नो कार्यक्षेत्र भएको जिल्लाहरूमा मात्र सिमित थियो।। सबैलाई शक्ति समूहको पृष्ठभूमि बताइरहनु पर्थ्यो। तर अहिले शक्ति समूहको परिचय राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित भइसकेको छ। शक्ति समूहको

नाम लिंदा मात्र सरोकारवाला संघसस्थाहरु सहयोगी भूमिका निर्वाह गर्न तत्पर देखिन्छन् । नेपाल सरकारले पनि शक्ति समूहको कामलाई कदर गरिसकेको छ । झन् यो अन्तर्राष्ट्रिय सम्मानले हाम्रो पहिचानको दायरा निकै फराकिलो बनाएको छ ।

**● छिट्टै नेपालका प्रथम राष्ट्रपतिबाट तपाईले एउटा पुरस्कार थाप्ने घोषणा भइसकेको छ नि, त्यसलाई कसरी लिनहुन्छ ?**

नेपाल सरकारले २०६४ र०६५ मा संस्था र व्यक्तिको भूमिका हेरेर सम्मान गरिसकेको हो । त्यस्तै गरि २०६८ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मलाई सम्मान गरेको थियो । प्रहरी दिवशको अवसरमा पनि सम्मानित हुने अवसर पाएँ । राष्ट्रपतिबाट पनि सम्मानित हुने जुनकुरा मैले पनि सुनेको छु, मेरो बिचारमा त्यो भनेको चरीमायाले मात्र हैन शक्ति समूह र सम्पूर्ण प्रभावित दिदी बहिनीहरुको सम्मान गरेको हुनेछ । यसले एकातिर हाम्रो हौसला बढाएको छ र संघर्ष गर्नपर्छ र त्यसको एक न एकदिन ठाउँमा मूल्यांकन हुन्छ भन्ने हामीले ठानेका छौं । सम्मानले थप संघर्ष गर्ने जिम्मेवारी थपेको अनुभव मैले गरेको छु ।

**● प्रभावितहरुको पुनःस्थापनामा सरकारी र गैरसरकारी निकायले के के गरिदियो भने थप सहयोग पुग्छ जस्तो लाग्छ ?**

दातृ निकायहरूले अन्य कार्यक्रमहरूलाई जस्तै पुनःस्थापनालाई पनि गर्नुपर्छ । पुनःस्थापना गृहहरू तोकएका मापदण्डभित्र संचालन हुनुपर्छ ।सरकारको निर्देशिकाहरू पालना गर्नसंस्थाहरूलाई अभिमुखिकरण गर्नुपर्छ । पुनःस्थापना गृहहरू नियमित अनुगमन र मूल्यांकन पनि हुनपर्छ । कसले के के गऱ्यो ? सुधार पक्ष के हो ? राम्रो पक्ष के हो ? त्यसको लेखाजोखा गरिनुपर्छ । समस्यामा परेको व्यक्तिले सरकार र सम्बन्धित निकायले गरेको पहलबाट पूर्ण जीवन पाओस र परिवार समाजले यो कुरालाई मध्यनजर गरिदिनु पऱ्यो कि पुनःस्थापना गृह भनेको सधैका लागि होइन । परिवारले वास्ता नगर्दिने र संस्थाले मात्र प्रयास गरेर संस्थाले मात्र एउटा प्रभावितलाई सबल नागरिक बनाउँछु भनेर केही पनि लाग्दैन । परिवारको जिम्मा लगाएर मात्र हुँदैन । वहाँहरुलाई आफ्नो खुट्टामा उभिन सक्ने वातावरण संस्थाले नै बनाउनु पर्छ ।

**● प्रभावितहरुको न्यायमा पहुँच बढाउन थप के के प्रयासहरु गर्नुपर्दछ भन्ने तपाईंलाई लाग्छ ?**

पहिला प्रभावित र उसको परिवारलाई सुरक्षाको ग्यारेण्टीको अनुभूति हुनुपर्छ तबमात्र न्यायमा पहुँच सम्भव छ भन्ने मलाई लाग्छ । एउटा व्यक्तिले चाहदैमा केही पनि नहुने रहेछ भन्ने हामीले विगतमा पनि देख्यौ र अहिले पनि भोगिरहेका छौ । गोपनियता कायम हुनुपर्छ । जबसम्म प्रभावितहरूलाई परिवार र समाजको सहयोग पुग्दैने उनीहरुको न्यायमा पहुँच सम्भवै छैन । संस्थाहरूले पनि उत्तिकै भूमिका हुन्छ जस्तो समन्वय गरिदिने । न्याय प्राप्तीका क्रममा विभिन्न निकायहरुसम्म जान पहलगरिदिन सकिन्छ । जिल्लाहरूमा मुद्दाहरू फैसला हुने र पुनरावेदनमा वदर हुने प्रवृत्ति छ । प्रभावितको हकर्मा क्षतिपूर्तिकोधेरै फैसलाहरू जिल्लाहरूमा फैसला भएर आए पनि अहिलेसम्म फैसला कार्यान्वयन भयो भन्ने कही पनि रेकर्ड पाउन सकेको छैन । यहासम्म कि शक्ति समूहले लडिराखेको मुद्दाहरूमा पनि यो भएको छैन । यस्ता वेथितिलाईसम्वन्धित निकायबाट यथाशिघ्र सम्बोधन गरिनुपर्छ भन्ने हामीलाई लाग्छ ।

**● अन्त्यमा भन्न मन लागेको कुरा ?**

ओसारपसारले निरन्तरता पाइराखोस्, मेरो शुभकामना छ। यसले शुरुदेखिनै मानव बेचबिखनको सेरोफेरोमा रहेर बेचबिखनका नयाँ आयामहरूलाई प्रचार प्रसार गर्दै आइरहेको छ जसका कारण धेरैभन्दा धेरै जनसमुदायसम्म यसले चेतनाको दियो बाल्न मद्दत पुगेको छ भन्ने मलाई लाग्दछ । प्रभावितहरुका आवाजहरु ओसारपसार बाट प्रवाह भइरहेको छ, अतः म भन्न चाहन्छु सबैले बेचबिखनको मुद्दालाई गम्भिर रुपमा लिनु हुनेछ । बेचबिखनबाट कुनै पनि समय जो कोही छोरी चेली प्रभाभित हुनसक्ने भएकाले सबै अभिभावकहरु गम्भिर हुनु पर्दछ ।

● ● ●

# आर्थिक वर्ष २००९/१० मा विभिन्न गैससहरूले संरक्षण प्रदान गरेका मानव बेचबिखन पीडितहरूको संख्या

| संरक्षणको प्रकार | बालबालिका (१८ वर्ष मुनिका) | | व्यस्क (१८ वर्ष माथिका) | | जम्मा |
|---|---|---|---|---|---|
| | केटीहरु | केटाहरु | महिला | पुरुष | |
| अवरोध | १५९६ | १ | १२ | ० | १६०९ |
| **उद्धार** | | | | | |
| यौन शोषण | ४६ | ० | ६० | ० | १०६ |
| श्रम शोषण | ४० | ६९ | १८ | ० | १२७ |
| **स्वदेश फिर्ती** | | | | | |
| भारतीय यौनगृहहरु | १७ | ० | ४६ | ० | ६३ |
| खाडी मुलुकहरु | ० | ० | ४० | ११ | ५१ |
| पुनःस्थापना | १८३ | १५ | १८४ | ० | ३८२ |
| पुनःएकीकरण | ४७२ | १९ | ७५२ | ० | १२४३ |
| अरु संस्थाहरुमा पठाएको (प्रेषण) | ३० | | २५ | ० | ५५ |
| अरु संस्थाहरुमा पठाइएकाहरु (प्राप्त) | ३ | ० | ३१ | ० | ३४ |
| हराइएका व्यक्तिहरुबारे प्राप्त निवेदनहरु | १०३७ | २७६ | १३९४ | २१० | २९१७ |
| हराइएका व्यक्तिहरुबारे प्राप्त निवेदनमध्ये फेला परेकाहरु | २९१ | १०१ | २२२ | ० | ६१४ |

**टिप्पणी** : यहाँ दिइएका संख्याहरु माइती नेपाल, महिला सिप सिर्जना केन्द्र, शक्ति समुह, हिमराइट्स, ग्रामीण महिला सिर्जनशील परिवार, ओरेक, सिविन, र एबीसी नेपाल गरि ८ वटा गैससबाट प्राप्त भएका हुन् । अवरोध हकमा नेपाल प्रहरीको तथ्याङ्क पनि समावेश गरिएको छ ।

**स्रोतः राष्ट्रिय मानव अधिकार आयोग, मानव बेचबिखन (विशेषगरि महिला तथा बालबालिका सम्बन्धी) राष्ट्रिय प्रतिवेदन सन् २००९-१०**

# मानव बेचबिखन विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ का केही मुख्य प्रावधानहरू

“सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मूख समुह/समुदायहरूको पहिचान र संरक्षण गरी समुह/समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षा सम्वन्धी गतिविधिहरू सञ्चालन गर्ने र सचेतना अभिबृद्धिका लागि शिक्षा, पैरवी तथा सञ्चार माध्यमका अभियानहरूलाई प्रर्वद्धन गर्ने।”

## निर्देशक सिद्धान्तहरू

१. मानव बेचबिखनको अवधारणा र महिला तथा बालबालिकाहरूको समस्यालाई विशेष प्राथमिकता
२. पालेर्मो प्रोटोकलका आधारमा मानव बेचबिखनको परिभाषा र प्रोटोकलको अनुमोदन
३. सार्क महासन्धि र राष्ट्रिय कानुनसँग सामन्जस्यता
४. नयाँ ढाँचामा प्राथमिकताका क्षेत्र
५. कार्ययोजनाको अवधि, प्राथमिकता र अनुगमन तथा मूल्याङ्कन
६. आन्तरिक तथा बाह्य बेचबिखनको समस्या
७. वैदेशिक रोजगारीका लागि हुने श्रम आप्रवासनसँग जोडिएको समस्या
८. बालबालिकाहरूको सर्वोत्तम हितको सिद्धान्त
९. अतिजोखिम र जोखिमोन्मूख समुदायहरूकालागि पारिवारिक तथा सामाजिक हेरचाह र संरक्षण
१०. बेचबिखन र घरेलु हिंसा बीचको सम्बन्ध पहिचान
११. नयाँ संरचना र संयन्त्रको निर्माणभन्दा भइरहेका संरचनाको सुदृढीकरणमा जोड
१२. नेतृत्वदायी भूमिकाका लागि सम्पर्क निकायहरूको व्यावसायिक दक्षता
१३. स्रोत विनियोजन

**प्राथमिकता १ : निरोध (Prevention)**

उद्देश्य :

सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले जोखिमोन्मूख समुह/समुदायहरूको पहिचान र संरक्षण गरी समुह/समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षा सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने र सचेतना अभिबृद्धिका लागि शिक्षा, पैरवी तथा सञ्चार माध्यमका अभियानहरूलाई प्रर्वद्धन गर्ने।

रणनीतिहरू:

- मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले अति जोखिम र जोखिमोन्मूख समूह/समुदायहरूको पहिचान ।
- बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखिममा रहेका बालबालिकाहरूको जोखिम कम गर्ने तथा बेचबिखन तथा ओसारपसारको कार्यलाई निरूत्साहित पार्ने उपायहरूको अवलम्बन ।
- मानव बेचबिखन तथा ओसारपसारका कारक तत्वहरूलाई सम्बोधन गर्न तथा जोखिमोन्मूख समुदाय विषेश गरी किशोर किशोरीहरूको जोखिमी न्यूनीकरण गर्न औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमहरूको पहिचान ।
- सामाजिक तथा आर्थिक रूपले पछाडि पारिएका/परेका समुदायहरूको सशक्तिकरणमा केन्द्रित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन ।
- आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यका लागि डान्स बार, रेष्टुरा, केबिन र मसाज पार्लर जस्ता क्षेत्रमा प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको व्यवस्था ।
- स्वदेश तथा विदेशमा रोजगारी चाहने कामदारहरू तथा विपन्न समुदायका महिला, किशोर किशोरी तथा अन्यलाई सीप तथा क्षमता विकास, स्वरोजगारमूलक तालिम तथा आय आर्जनको अवसर सिर्जना ।
- बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह तथा प्रभावितहरु बारे एकीकृत तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणालीको विकास ।
- बेचबिखन तथा ओसारपसारको प्रकृति, कारण, असरका सूचकहरूको बारेमा शिक्षा तथा जनचेतना अभिबृद्धि ।
- स्थानीयस्तरमा बेचबिखन तथा ओसारपसारलाई रोक्न सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्रहरूको स्थापना ।
- बेचबिखन तथा ओसारपसारविरूद्ध मिडियाको क्षमता र संवेदनशीलता अभिबृद्धि र तिनीहरु मार्फत सचेतना ।
- अनुगमन, प्रभाव मूल्यांकन, लेखाजोखा तथा प्रतिवेदन ।

**प्राथमिकता २ : संरक्षण (Protection)**

उद्देश्य :

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण र सहयोगकालागि स्थापना भएका संयन्त्रहरूद्वारा पीडित/प्रभावितहरूको मानव अधिकारको सम्मान गर्दै एकीकृत र प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

रणनीति:

- स्वदेश तथा विदेशबाट उद्धार गरिएका, आफै फर्केका र स्वेच्छाले फर्किन चाहने पीडित/प्रभावितहरूको अवस्था पहिचान ।
- पीडित/प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धारका लागि संयन्त्रहरूको निर्माण तथा सुदृढीकरण ।
- बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको स्वेच्छिक स्वदेश फिर्तीसम्बन्धमा प्रभावकारी संयन्त्रको विकास ।
- पुनःर्स्थापना केन्द्रहरूको सञ्चालनमा एकरूपता र स्तरिकरण कायम हुने गरी मापदण्ड निर्माण ।
- पीडित/प्रभावितहरूको परिचयको अधिकारको सुनिश्चितताका लागि आवश्यक ब्यवस्था ।
- पीडित/प्रभावितहरूको सुरक्षा चासोको सम्बोधन ।
- परिवार तथा समुदायमा बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको पुनःर्स्थापना र पुनर्मिलनको ब्यवस्था ।
- बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूलाई निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवाहरूको व्यवस्था ।
- पीडित/प्रभावितहरूको उद्धार तथा पुनःस्थापनाका लागि कोषको व्यवस्था ।

**प्राथमिकता ३ : कानुनी कारवाही (Prosecution)**

उद्देश्य :

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि प्रभावकारी फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानुनी संरचनाको माध्यमबाट दण्डहिनताको अन्त्य गरी पीडित/प्रभावितलाई न्यायमा पहुँच दिलाउने ।

रणनीति :

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध प्रभावकारी फौजदारी कानुन र न्याय प्रणालीका साथै बैज्ञानिक र पारदर्शी अनुसन्धान पद्धतिको विकास ।
- बेचबिखन तथा ओसारपसारकालागि जोखिममा रहेका

र बेचबिखन तथा ओसारपसारवाट पीडित/प्रभावितहरूका लागि सहयोग हुने गरी प्रचलित कानुनहरूमा समसामयिक संशोधन ।

- बालबालिकाविरुद्ध हुने सबै प्रकारका बेचबिखन तथा ओसारपसारका घटनालाई अपराधिक गतिविधिको रूपमा लिई कानुनी कारवाहीलाई सशक्त तुल्याउने ।
- प्रहरी कार्यालयहरूमा मानव बेचबिखन तथा ओसारपसारको घटना तथा वारदातहरूबारे उजुरी लिने प्रकृयालाई पीडित/प्रभावित मैत्री हुने गरी सरलीकरण गर्ने ब्यवस्था ।
- कानुन कार्यान्वयन गर्ने निकायहरूमा जवाफदेहिता र उतरदायित्वको विकास ।
- मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरु बारे अनुगमन प्रणाली ।

**प्राथमिकता ४ : क्षमता विकास (Capacity Building)**

उद्देश्यः
मानव बेचबिखन तथा ओसारपसारविरुद्ध स्थापित राज्य संयन्त्र, गैर सरकारी संस्था तथा नागरिक समाज लगायत सेवा प्रदायकहरु एवं सञ्जालहरूको क्षमता अभिवृद्धि गर्ने ।

रणनीति :

- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, महिला तथा बालबालिका कार्यालयहरु, केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिको क्षमता अभिवृद्धि ।
- मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय समिति तथा जिल्ला समितिहरूको क्षमता अभिबृद्धि।
- कानुन कार्यान्वयन गर्ने निकायहरूमा कार्यरत अधिकारीहरूको क्षमता अभिबृद्धि।
- मानव बेचबिखन तथा ओसारपसारकाविरुद्ध केन्द्र, जिल्ला, न.पा., गाविस तथा समुदायस्तरमा कार्यरत सरकारी निकाय, गैसस., युवा तथा बाल क्लब लगायत विभिन्न सरोकारवाला संस्थाहरूको क्षमता अभिवृद्धि।
- मानव बेचबिखन तथा ओसारपसारमा आन्तरिक तथा बाह्य घटनाहरूलाई सम्बोधन गर्न महिला तथा बालबालिका सेवा केन्द्रहरूलाई अधिकार सम्पन्न विशेष प्रहरी इकाइको रूपमा विकास ।
- कुटनैतिक निकायहरु तथा श्रम-सहचारीहरूको क्षमता अभिबृद्धि।
- तालिम अनुशिक्षण र अन्तरक्रिया आदि माध्यमद्वारा अनुगमनका लागि क्षमता अभिवृद्धि।
- निगरानी राख्ने निकायहरूको क्षमता विकास ।

**प्राथमिकता ५ :समन्वय, सहयोग र सहकार्य (Coordination, Cooperation and Collaboration)**

उद्देश्य :
मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धताहरु अनुरूप साझा सवालहरूमा बहुपक्षीय र द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने र सरकारी, गैर सरकारी, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरु तथा विकास साझेदारहरूबीच समन्वय, सहयोग र सहकार्यलाई बढावा दिने ।

रणनीति :

- मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि राष्ट्रियस्तरका सरोकारवाला सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारहरु बीच प्रभावकारीरूपमा आपसी समन्वय, सहयोग तथा सहकार्य गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धिका लागि आवश्यक नीति, कानुन तथा प्रावधानहरूको पुनरावलोकन गर्ने
- दक्षिण एशिया क्षेत्रका सदस्य राष्ट्रहरु बीच मानव बेचबिखन तथा ओसारपसारविरुद्ध निर्माण भएका संयन्त्र र सञ्जालहरूको माध्यमबाट सहकार्य र सहयोगको वृद्धि ।
- सीमा वारपारका बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्न सीमा जोडिएका मुलुकहरु बीचको आपसी सहयोग र समझदारीमा वृद्धि ।
- बेचबिखन तथा ओसारपसारविरुद्ध स्थानीयस्तरमा सबै सरोकारवालाहरूको सम्बन्ध र सहकार्यमा अभिवृद्धि ।
- बालबालिकाहरूविरुद्ध हुने हिंसा अन्त्यका लागि दक्षिण एशियाली राष्ट्रहरूको अभियान (SAIEVAC) अन्तर्गत बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने साझा उद्देश्य बारे गम्भीर प्रयास ।

# वैदेशिक रोजगारी तथा राहदानी बीचको सम्बन्ध र जोखिम न्यूनीकरणका उपायहरू




• बसन्ती कार्की

> वैदेशिक रोजगारीमा जानेहरु कानुनी र गैरकानुनी दुवै माध्यम प्रयोग गरेर गएका हुन्छन् । गैरकानुनी रुपमा आवश्यक प्रक्रिया नपुर्‍याई वैदेशिक रोजगारीमा जाँदा विभिन्न जोखिमका साथै कानुनी कारबाहीको समेत भागिदार हुनुपर्ने हुन सक्छ ।

### वर्तमान् अवस्था र वैदेशिक रोजगार

नेपाल एक कृषि प्रधान देश हो । यहाँका करिव ६५ प्रतिशत जनशक्ति कृषि क्षेत्रमा आश्रित छन् । देशको कुल ग्राहस्थको ठूलो हिस्सा कृषिले ओगटेको परिप्रेक्ष्यमा विगत केही दशक देखि वैदेशिक रोजगार पनि नेपाली युवाहरूको आकर्षक बन्दै गएको छ ।

एउटा मुलुकबाट अर्को मुलुकमा गई त्यहाँको प्रचलित नियम कानुन र ज्यालादरमा काम गर्ने प्रकृया नै वैदेशिक रोजगारी हो । वैदेशिक रोजगार




सम्बन्धी ऐन २०६४ मा वैदेशिक रोजगार भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्दछ भनी उल्लेख छ । सोही ऐनमा कामदार भन्नाले चाँहि वैदेशिक रोजगार पाउने नेपाली नागरिक सम्झनु पर्दछ भनेर उल्लेख गरिएको छ । वैदेशिक रोजगारीमा जानेहरू कानुनी र गैरकानुनी दुवै माध्यम प्रयोग गरेर गएका हुन्छन् । गैरकानुनी रूपमा आवश्यक प्रक्रिया नपुर्‍याई वैदेशिक रोजगारीमा जाँदा विभिन्न जोखिमका साथै कानुनी कारबाहीको

समेत भागिदार हुनुपर्ने हुन सक्छ । विगत करिव २ दशक देखि देशमा भएको राजनैतिक द्वन्द्व तथा संविधान सभा चुनाव पछि पनि देशभित्र राजनैतिक स्थिरता नहुदा देशमा लगानीको अवसरहरू संकुचन हुन पुग्यो । त्यसैले सरकारी तथा निजी क्षेत्रबाट उत्साहप्रद रूपमा औद्योगिक क्षेत्रमा लगानी हुन सकेन । त्यसको प्रभाव प्रत्यक्ष रूपमा नेपालका ग्रामिण क्षेत्रका युवा वर्गमा पर्न गयो । समुदायमा रहेको युवा जनशक्ति रोजगारको सिलसिलमा विदेश जाने क्रम कानुनी र गैर कानुनी रूपमा तिव्र बृद्धि हुदै गयो ।

## राहदानी र वैदेशिक रोजगारको सवाल

नेपालमा शिक्षित जनशक्ति कम छ । त्यसमा पनि प्राविधिक तथा भाषागत रूपबाट यहाँको युवा जनशक्ति कमजोर अवस्थामा छन् भने सरकारले वैदेशिक रोजगारीका लागि वैदेशिक श्रम बजारमा आफ्नो नागरीकहरूको लागि सुरक्षित रूपमा भरपर्दो श्रम बजार सिर्जना गर्न सकेको छैन् । यस्तो अवस्थामा निजी क्षेत्रबाट वैदेशिक रोजगारका लागि खुलेका म्यानपावर कम्पनीहरू संख्यात्मक रूपमा उल्लेख्य भए पनि तिनीहरू पारदर्शी र भरपर्दो भने हुन सकेको अवस्था छैन । गैर कानुनी रूपबाट दलाल मार्फत वैदेशिक रोजगारमा जानेहरू बढी मारमा परेको कुरा सञ्चारमाध्यमहरूबाट पटक पटक सार्वजनिक भएकै छ । म्यानपावर कम्पनीहरूले वैदशिक रोजागारीको करारनामामा देखाउने कम्पनी, मासिक तलब, भत्ता र सुविधा तथा कार्यक्षेत्र वास्तविकतामा फरक पर्ने गरेकाले वैदेशीक रोजगारमा जाने हजारौं नेपाली नागरिकहरू ठगिंदै आएका छन् भने झन महिलाको हकमा त ठगी, विभेद र हिंसाको स्थिति झन विकारल अवस्थामा छ ।

वैदेशिक रोजगारमा जानु अघि राहदानी आवश्यक पर्दछ । त्यसैले सम्बन्धित निकाय जिल्ला प्रशासन कार्यालय तथा मन्त्रालयबाट निवेदकले राहदानीका लागि निवेदन दिंदा राहदानी उपलब्ध गराउन पूर्व नै के प्रयोजनका लागि राहदानी माग गरिएको हो सोकोबारेमा सम्बन्धित पक्षसँग कुराहरू बुझ्नु आवश्यक छ । राहदानी प्रदान गर्दा निवेदकलाई वैदेशिक रोजगारमा जानका लागि हो भने वैदेशिक रोजगार सम्बन्धी नेपाल र गन्तव्य मुलुकको कानुनी व्यवस्था के के छन् ? दलाल तथा कम्पनीसँग कारोबार गराउँदा अपनाइनु पर्ने सचेतीकरणका बारेमा अभिमुखिकरण गराउन नितान्त आवश्यक छ । सम्बन्धित व्यक्तिको शैक्षिक योग्यता, सीप र दक्षता तथा अंग्रेजी भाषा लगायत जान चाहेको देशको भाषा, सँस्कृति, रितिरिवाज बारे सामान्य जानकारी तथा आवश्यक सचेतिकरण सम्बन्धित व्यक्ति तथा उसको अभिभावकलाई गराउन सके गन्तव्य मुलुकमा पुगी समस्यामा पर्ने अवस्थाबाट बँच्न सकिन्छ साथै वैदेशिक रोजगारीलाई



मर्यादित समेत बनाउन यस्ता पूर्व अभ्यासहरूले निकै सकारात्मक भूमिका निर्वाह गर्न सक्छ । अतः वैदेशिक रोजगारीमा जान अपनाउनु पर्ने कुराहरूलाई बुदाँगत रूपमा तल प्रस्तुत गरिएको छ ।

### वैदेशिक रोजगारीलाई मर्यादित रूपमा लैजानको लागि निम्न कुराहरुमा सचेत हुनुपर्छ :

१. विदेशमा काम गर्न जानको लागि १८ वर्ष पुगी ५० वर्ष ननाघेको हुनुपर्दछ ।
२. गन्तव्य मुलुकमा जानका लागि लाग्ने खर्च वा लगानीका बिषयमा जानकार हुनुपर्दछ ।
३. गन्तव्य मुलुकको प्रवासी कामदार सम्बन्धी नियमहरूको बारेमा जानकारी लिनु पर्दछ ।
४. विदेशमा पाइने अधिकांश कामहरू गाह्रो, फोहोर र

खतरापूर्ण हुन सक्दछन् । आफूले गर्न खोजेको कामको तलब, दैनिक गर्नुपर्ने कामको समय, कामको सम्झौता अवधि, घर बिदाको संख्या जस्ता आधारभूत कुराहरूको जानकारी राख्नु पर्दछ ।

६. रोजगारदाता कम्पनी र म्यानपावर कम्पनीसँग सम्झौता पत्रमा उल्लेख भएका कुराहरू राम्रोसँग बुझेर राहदानी (पासपोर्ट), सम्झौता पत्रको प्रतिलिपी (फोटोकपी) आफुसँग एक प्रति र आफन्त परिवारलाई एक प्रति छाडेर जानुपर्दछ ।

७. आफूले छनौट गरेको म्यानपावर कम्पनी नेपाल सरकारको श्रम विभागमा दर्ता भए नभएको बुझ्न सकिन्छ । दर्ता नभएको म्यानपावर कम्पनी मार्फत वा स्वीकृति नलिएको एजेन्ट मार्फत वैदेशिक रोजगारीमा जाँदा तपाई कुनै पनि सेवा सुविधा नपाउने मात्र हैन दासतामा पनि पर्न सक्नुहुन्छ ।

८. दलालहरु सँधै मौकाको खोजीमा हुन्छन् । काम लगाइदिन्छु, आकर्षक तलब र सुविधामा विकशित मुलुकहरु जापान, कोरिया पठाइदिन्छु भनेर दलालहरूले प्रलोभन दिन सक्छन्, यसमा तपाईंहरु निकै होसियार हुनुपर्छ । तपाईंको भरोसा र विश्वास जितेर दलालहरूले तपाई वा तपाईंको परिवारले मिहेनतपूर्वक कमाएको पैसा र घरजग्गा नै जोखिममा पारिदिन सक्छन् । अतः होस् पुन्याउनु होस ।

## वैदेशिक रोजगारबाट आर्जित व्यवहारिक ज्ञान, सीप र पूँजीको उपयोग

सरकारले वैदेशिक रोजगारीबाट प्राप्त रेमीटान्स तथा आम्दानी मात्रलाई नहेरी वैदेशिक रोजगारबाट प्राप्त रकमको औद्योगिक तथा पूँजी विकास तथा लगानीका अवसरलाई नीतिगत रूपमा नै स्पष्ट पार्न जरूरी छ । वर्तमानमा विदेशी श्रम बजारबाट प्राप्त पूँजी व्यक्तिका हकमा प्रायः भौतिक सुख सुविधामा खर्चेको देखिन्छ भने सरकारी पक्षबाट पनि पूँजीको लगानीका अवसरहरूमा खासै व्यवस्था गरेको पाईदैन । वैदेशिक रोजगारबाट प्राप्त रकमलाई आयआर्जनमा लगानी गर्नसके परिवारको आर्थिक तथा शैक्षिक अवस्थामा सुधार हुन जाने देखिन्छ । विदेशबाट फर्केका श्रमिकहरूलाई सरकारले उनीहरूले आर्जेको व्यवहारिक ज्ञान र सीपलाई व्यवसायिकरण गर्न सके देश तथा जनताको आर्थिक विकास तथा समृद्धिका लागि थप टेवा पुग्न जाने देखिन्छ ।

## सम्बन्धित सरोकारवालाहरुको भूमिका

वैदेशिक रोजगारमा जाने कामदारको संख्या दिनानूदिन बढ्दो छ । कागजात प्रकृया नपुऱ्याई जाने तथा गाँउगाँउमा दलालहरू आफन्त मार्फत आएर फकाएर लाने क्रम भने रोकिन सकेको अवस्था छैन् ।

मकवानपुर जिल्लाका गाविसहरूमा यस्तो घटना केलाउने हो भने थोरै छैनन् । वैदेशिक रोजगारमा लैजाने र फकाउने दलालहरूको स्वरूप परिवर्तन भएको देख्न सकिन्छ । हिजोआज विभिन्न गैर सरकारी संस्थाहरूले गरेका सचेतिकरण तथा अभिमुखिकरण कार्यक्रमहरूले गर्दा केही मात्रामा समुदायमा वैदेशिक रोजगारमा जानेहरू सचेत भएको र प्रकृयागत रूपमा जाने गरेको पाइएको छ । कार्यक्रम संचालन भएका समुदायमा स्थानीय युदाहरू भने केही सचेत भएका देखिन्छन् भने ठगिने तथा दुःख पाउनेहरू सम्बन्धित सरोकारवालाहरू मार्फत समस्या समाधानका लागि सम्पर्क राख्न जाने गरेका छन् ।

नारी सीप सृजना केन्द्रको कार्यक्षेत्र पदमपोखरी गाविसका स्थानीय बल वहादुर (नाम परिवर्तन) को घटनालाई यहाँ चर्चा गर्नु सान्दर्भिक हुन्छ । जस अनुसार बल बहादुरलाई वैदेशिक रोजगारकै लागि दलालले राम्रो काममा अफगानिस्तान पठाइदिन्छु भन्दै २०६८ असोज १८ गते ३ लाख ५० हजार रूपैयाँमा सम्झौता गरायो र ३ लाख रूपैया अग्रिम बुझि लिएको रहेछ । सम्झौता पत्र व्यक्तिगत गरिएको थियो । पीडित उक्त सम्झौता पत्र सहित सहयोगका लागि नारी सीप सृजना केन्द्रको सम्पर्कमा आए । नारी सीप सृजना केन्द्रले सम्झौता पत्र सहितका कागजपत्रहरु प्रवासी नेपाल समन्वय समिति (PNCC) मा प्रकृयागत रूपमा अगाडी बढाउनको लागि पठाएको छ । बल बहादुरका अनुसार २०६९ जेष्ठ ३ गतेदेखि दलालसँग सम्पर्क पनि हुन छाडेको छ । यस घटना पदमपोखरीको सामुदायिक छलफल कक्षाकी सहभागी कमला मोक्तानले सुनाएपछि मात्र बाहिर आएको हो बाहिर आउन नसकेका यस्ता थुप्रै घटनाहरु हाम्रै वरपर नहोला भन्न सकिन्न । यदि त्यस

क्षेत्रमा सचेतना तथा अभिमुखिकरणका लागि आयोजित छलफल कक्षाकै कारण यस्तो घटना बाहिर आयो । तर यतिका महिना वितिसक्दा पनि न त पीडित गन्तव्य मुलुकमा जान पाएका छन् न त उनले पैसा फिर्ता नै पाएका छन् । अतः स्थानीयस्तरमा यस्ता कार्यक्रमहरू गाविस र गैसस बीचको साझेदारीमा नेपाल सरकारबाट नै संचालन गरेमा ठूलो संख्याका सर्वसाधारण युवाहरू ठगिनबाट जोगिने थिए । सरकारी निकाय तथा जिविस, गाविस तथा स्थानीय सम्बन्धित निकायहरूबाट पहल गरिनु आवश्यक छ ।

मकवानपुरका अधिकांश गाविसहरूबाट विभिन्न प्रलोभन देखाएर १४, १५ वर्षका आफ्नै नातेदारहरू छोरी बुहारीहरूलाई वैदेशिक रोजगारीमा पठाउन दलालहरूले सम्पर्क गरिरहेको पाइन्छ ।

२०६८।०६९ मा मात्र नारी सीप सृजना केन्द्रले त दासत्व तथा मानव बेचबिखनविरूद्धको सशक्तिकरण कार्यक्रम अर्न्तगत हाडीखोला, बसामाडी, चुरीयामाई, मनहरी गाविसमा असुरक्षित तरिकाबाट प्रकृया नपुन्याई वैदेशिक रोजगारीमा लान लागेका ७५ जना स्थानीय किशोरीहरूलाई रोक्न र फर्काउन सफल भएको छ । त्यस्तै, २०६९ वैशाख १० गते पदमपोखरीमा अभिभावकलाई प्रति महिना १२ हजार तलब पाउने झुठो लालच देखाई २० वर्षकी एक किशोरीलाई रक्सौल पुन्याईसकेको कुरा छलफल कक्षामा उठेपछि गैर सरकारी संस्थाहरूको समन्वयमा तत्काल संजाल मार्फत ती किशोरीलाई फर्काउन सफल भएको अभिलेख सुरक्षित छ । यस्ता घटनाहरू थुप्रै छन् । मकवानपुरको मानव अधिकार संरक्षण तथा मानव बेचबिखन विरूद्धको संञ्जालको विगत पाँच छ महिना अवधिको अभिलेख हेर्दा १३५ जनाको हाराहरीमा महिला तथा किशोरीहरूलाई वैदेशिक रोजगारमा जानबाट रोक्न र फर्काउन नारी सिप श्रृजना केन्द्र सफल भएको छ । प्रकृया नै नपुन्याई प्रशासनमा सिफारिस लिन आउने यूवाहरू वास्तविकता प्रति गम्भिर र जानकार नरहेको नारी सिपको अवलोकन र अनुभव छ यसले उनीहरूको वैदेशिक रोजगार जोखिमपूर्ण एवं अनिश्चित हुने संकेत प्रष्टै गर्छ ।

**निष्कर्ष** :

वैदेशिक रोजगार आफैमा नराम्रो छैन् । आफ्नो देशमा काम गर्ने वातावरण नहुँदा, निजी क्षेत्रको लगानीको अवसर न्यून भएको समयमा खेर गएको श्रमलाई विदेशी भूमिमा सेवा गरी व्यवहारिक ज्ञान तथा सीप आर्जन गर्नु राम्रो पक्ष हो । त्यसबाट देश भित्र आउने रेमीटान्स तथा व्यक्तिले आर्जन गरेको पूँजीले गरिबी न्यूनीकरणमा उल्लेख्य सहयोग पुन्याएको कुरा विभिन्न अध्ययनहरूले पनि देखाएको छ । त्यसैले वैदेशिक रोजगारमा जानु पूर्व सरकारी स्वीकृती प्राप्त र आफू वैदेशिक रोजगारका लागि रोजेको म्यानपावर कम्पनीको बारेमा यथेष्ट जानकारी लिएर, नेपाल सरकारको वैदेशिक रोजगार सम्बन्धी नीति तथा कानुनको बारेमा वैदेशिक रोजगारमा जाने युवा तथा उसको घर परिवारले जानकारी लिनुपर्ने हुन्छ । त्यसैगरी, राहदानी जारी गर्दा रोजगारीका लागि आवश्यक पर्ने न्यूनतम ज्ञान सम्बन्धित निकायले प्रदान गर्नु उपयुक्त देखिन्छ । सम्बन्धित मुलुकको भाषाको जानकारी तथा श्रममा लगाउँदा दिनुपर्ने सेवा सुविधाका ज्ञान सम्बन्धित म्यानपावर कम्पनी र रोजगार दाताले दिन सके श्रमिकहरूको श्रमको सुनिश्चितामा थप मद्दत पुग्ने देखिन्छ ।

विदेशी श्रम बजारबाट आर्जन गरेको पूँजी नेपालमा ल्याएपछि पनि त्यसलाई उत्पादनमूलक काममा लगाउन सरकारी नीति स्पष्ट हुनु पर्छ । अन्यथा उमेरमा वैदेशिक भूमिमा श्रम र सीप खर्चिएर जीवनको उत्तरार्धमा पछुताउनु पर्ने भयो भने व्यक्ति मात्र दोषी होइन राज्य पनि त्यसको भागिदार हुन्छ । स्थानीय गाविस र गैससको साझेदारितामा समुदायस्तरमा सचेतना कक्षा संचालन गरेमा वैदेशिक रोजगारका निम्ति गाउँगाउँमा मान्छे खोज्दै हिंड्ने दलाल तथा म्यानपावर कम्पनीहरूबाट सर्वसाधारण ठगिनबाट पनि जोगिने देखिन्छ ।

अन्तमा, सबै सम्बन्धित निकायहरुले आ-आफ्नो स्थानबाट श्रम र श्रम बजारलाई मर्यादित बनाउन आवश्यक छ । माथि उल्लेखित कार्यबाट जोखिम न्यूनीकरण गर्न सघाउ पुग्न जाने देखिन्छ ।

**(लेखिका नारी सीप सृजना केन्द्र, मकवानपुरकी परियोजना अधिकृत हुनुहुन्छ ।)**

● ● ●

# मानव बेचबिखनको परिवर्तित स्वरूप अनुरूप वर्तमान रणनीतिमा परिवर्तनको आवश्यकता



• बेनु माया गुरुङ

"वैदेशिक रोजगारीमा जानेहरू कानुनी र गैरकानुनी दुवै माध्यम प्रयोग गरेर गएका हुन्छन् । गैरकानुनी रुपमा आवश्यक प्रक्रिया नपुर्‍याई वैदेशिक रोजगारीमा जाँदा विभिन्न जोखिमका साथै कानुनी कारबाहीको समेत भागिदार हुनुपर्ने हुन सक्छ ।"

मानव बेचबिखन नेपालको एक गम्भीर समस्याको रूपमा रहदै आएको छ । यो मानव अधिकारको जघन्य उल्लङ्घन तथा मानवताविरूद्धको अपराधको रूपमा रहेको छ । मानव बेचबिखनको इतिहास लामो भएता पनि हाल २१ औं शताब्दीसम्म पनि यसलाई निर्मूल पार्न सकेको अवस्था छैन । झन् नयाँ नयाँ स्वरूपमा यसमा वृद्धि नै भैरहेको देखिन्छ । विभिन्न



कारणहरू मध्ये एक प्रमुख कारण यसको आयाम तथा स्वरूपहरूमा भैरहने परिवर्तन हो । आधुनिक दासत्वका रूपमा यसको समस्या, अझै जटिल रूपमा विकसित हुँदै गइरहेको छ ।

आजभन्दा दस वर्ष अघि हुने मानव बेचबिखन तथा वर्तमानमा हुने बेचबिखनमा धैरे परिवर्तन आइसकेको छ । हाल समेत महिला तथा बालबालिकाको बेचबिखन उल्लेख्य रूपमा हुनुका साथै यसमा पुरूषहरूको संख्यामा पनि (श्रम शोषणको लागि) वृद्धि भइरहेको छ । तर व्यवहारमा यसको रिपोर्टिङ र उजुरी भएको पाइदैंन । यसको विभिन्न कारणहरू मध्ये स्वयं प्रभावितमा पर्याप्त ज्ञान नहुनु, उजुरी दिने संयन्त्रको विकेन्द्रीकरण

नहुनु, न्याय/राहत पाउने प्रक्रिया लामो हुनु, दलाल/एजेन्ट दर्तावाला नहुनु आदि हुन् ।

महिला तथा बालिकाहरूको सन्दर्भमा हाल बेचबिखनको परम्परागत स्वरूपमा परिवर्तन भइरहेको छ । बेरोजगारी, गरिबी, कम शिक्षा, चेतनाको कमी तथा विभिन्न प्रकारका घरेलु हिंसामा परेका महिला तथा बालिकाहरूको जोखिमपूर्ण अवस्थाको फाइदा उठाई दलालहरूले वैदेशिक रोजगारको प्रलोभनमा पार्ने तथा नेपालकै विकसित शहरहरूमा राम्रो रोजगारी र तलबको प्रलोभनमा बेचबिखन गर्ने प्रवृति बढ्दो छ । बेचबिखनका नयाँ नयाँ गन्तव्यहरूमा पनि वृद्धि भइरहेको छ । उदाहरणका लागि चीनमा विशेष गरी खासा तथा त्यसका आसपासका क्षेत्रहरूमा नेपाली महिला तथा किशोरीहरूलाई वेश्यावृतिको उद्देश्यले ललाई फकाई तथा जागिरको प्रलोभनमा लाने गरेको सूचना सरोकारवाला संघसंस्था तथा सञ्चारमाध्यमहरूबाट सार्वजनिक भइरहेकै छ । त्यसैप्रकारले बेचबिखनलाई सीमाना काटेपछिको समस्याका रूपमा लिने परम्परागत सोचमा पनि परिवर्तन गर्नुपर्ने अपरिहार्यता आइसकेको छ । किनकी हाल विदेशमा मात्र नभई नेपाल भित्रकै विकसित शहरहरूमा डान्सबार, क्याविन रेष्टुरेन्ट, मसाज पार्लर, दोहरी साँझ जस्ता मनोरञ्जन क्षेत्रमा हुने महिला तथा किशोरीहरूको यौन तथा श्रम शोषणको रूपमा आन्तरिक बेचबिखनको समस्या बढ्दो क्रममा रहेको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिवको अध्यक्षतामा गठित समितिको प्रतिवेदन र काठमाडौ जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित समितिको प्रतिवेदनबाट काठमाडौ उपत्यकाभित्र मात्रै क्याविन, दोहोरी र डान्स रेष्टुरेन्ट तथा मसाज पार्लरहरूको संख्या करिब १२ सय पुग्न सक्ने र ती संस्थाहरूमा काम गर्ने कामदारहरूको संख्या करिब ५०,००० रहेको र तीमध्ये ८० प्रतिशत महिला कामदार रहेको भन्ने देखिन्छ ।

सर्वोच्च अदालतले २०६५ मा आन्तरिक बेचबिखनको गम्भिरतालाई मनन् गर्दै यी क्षेत्रहरूलाई नियन्त्रण गर्ने हाल कानुन नरहेको अवस्थामा कानुन बन्न समय लाग्ने भएकाले कानुन नबनुन्जेल "श्रमजीवी महिलाहरू प्रति डान्स रेष्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने जारी गरिएको निर्देशिका, २०६५" लागू गर्दै सरकारलाई यस सम्बन्धी कानुन बनाउनु पर्ने निर्देशन दिएको छ । सर्वोच्च अदालतको निर्देशिकाले यस क्षेत्रमा कार्यरत महिला तथा किशोरीहरूको यौन तथा श्रम शोषण न्यूनीकरणमा सहयोग गर्ने देखिएतापनि यसको कार्यान्वयन पक्ष अत्यधिक फितलो रहेको छ । कहिलेकाही राज्यपक्षबाट वेश्यावृतिलाई नियन्त्रण गर्ने नाममा छापा मार्ने चलनमा धैरैजसो यस प्रकारको कार्य गराउने साहु/मालिक र ग्राहकभन्दा पनि कामदार नै जो कि अधिकांश अवस्थामा स्वयं नै पीडित छन् र राज्यबाट झन् अपराधी सरह



पीडित हुने धेरै उदाहरणहरू छन् । साहु र ग्राहक उम्केको अवस्था नै बढी मात्रामा देखिन्छ । यस कार्यलाई पनि बालिका (१८ वर्ष मुनिका) तथा वयस्क महिलाको सन्दर्भमा फरक तरिकाले हेर्नु आवश्यक रहेको छ ।

वैदेशिक रोजगारबाट प्राप्त रेमिटान्स नेपालको अर्थतन्त्रको एउटा महत्वपूर्ण आधारको रूपमा रहेको छ । यसरी रेमिटान्स भित्र्याउन महिलाहरूको संख्या तथा योगदान पनि बढ्दै गई रहेको छ । यसका साथै असुरक्षित वैदेशिक रोजगारको नाममा मानव बेचबिखन बढ्दो छ । यसबाट महिलाहरू बढि प्रभावित भइरहेका छन् । बर्षेनी श्रम बजारमा प्रवेश गर्ने जनशक्तिको वृद्धि र राज्यले त्यसलाई आन्तरिक

श्रम बजार व्यवस्थापन गर्न नसक्दा नेपाल बाहिर श्रम आप्रवाशन भइरहेको छ । प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने ४ लाख मध्ये तीन लाख युवा रोजगारीका लागि नै बाह्य मुलुकमा जाने गर्दछन् । हाल यो संख्या प्रतिदिन १५०० रहेको अनुमान छ । यति ठूलो संख्याका नागरिकको सुरक्षाको चासो र व्यवस्था गर्नु राज्यको दायित्व हुन आउँदछ । वैदेशिक रोजगारीको नाममा हुने बेचबिखन, दासता तथा शोषणको अन्त्य गर्नु पर्दछ ।

लामो समयदेखि मानव बेचबिखनको न्यूनीकरणमा गैसस क्षेत्रको उल्लेख्य प्रयासहरू हुदै आएको छ । हालका समयमा यस विषयमा थप जटिलता र वृद्धि भएको प्रवृत्तिले राज्य पनि केहि संवेदनशील र यसको न्यूनीकरणका लागि प्रयासरत देखिन्छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ का अनुसार नेपालका ७५ वटै जिल्लाहरूमा मानव बेचबिखनविरूद्धको जिल्ला समिति तथा राष्ट्रिय तहमा राष्ट्रिय समितिको व्यवस्था गरेको छ । त्यस्तै राष्ट्रिय कार्ययोजना २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित व्यक्तिको हेरचाह तथा संरक्षणको न्यूनतम मापदण्ड, २०६८, पुनःस्थापना केन्द्र संचालन निर्देशिका २०६८, पुनःस्थापना कोष संचालन निर्देशिका २०६८, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ आइसकेको छ । यसका साथै, मानव बेचबिखनको चपेटामा परेका पीडितहरूलाई उद्धार, स्वदेश फिर्ती, पुनःस्थापना र पुनःएकीकरण सम्बन्धि राष्ट्रिय नीति, मानव बेचबिखन तथा ओसार पसार सम्बन्धि मुद्दामा पीडित एवं साक्षी संरक्षणको लागि अख्तियारी गर्नुपर्ने राष्ट्रिय नीति आदि विषयहरू छलफलका प्रक्रियामा छन् । मानव बेचबिखनसँग सम्बन्धित अन्य कानुन र नीतिहरू जस्तै "कार्य थलोमा हुने यौन हिंसा" आदि पनि प्रक्रियामा छन् । यसले पनि बेचबिखन न्यूनीकरणमा सहयोग पुऱ्याउँदछ तसर्थ यी लगायत अन्य सम्बन्धित नीति, नियम र कानुनहरूमा सरोकारवालाहरूको चासो र परामर्श अत्यन्त आवश्यक छ जसले यी विषयहरूलाई वास्तविक अवस्थानुसार प्रभावकारी कानुन बनाउन सहयोग गर्दछ । यी सबै नीतिगत प्रयासको विषयमा सबभन्दा महत्वपूर्ण पक्ष यी नीतिहरू प्रभावित व्यक्ति प्रति कति मैत्रीपूर्ण छन् ? अधिकारमुखि दृष्टिकोणले बनेका छन् कि छैनन् र यसको प्रभावकारी कार्यान्वयन पक्ष हो । कार्यान्वयनका लागि सरोकारवालाहरू यस विषयमा कति जानकार राख्दछन् र यसको कार्यान्वयनका लागि पर्याप्त रूपमा संयन्त्र तथा आर्थिक तथा मानव स्रोत छ कि छैन भन्ने विषयले महत्वपूर्ण भूमिका खेल्दछ ।

मानव बेचबिखन नेपालको एक जटिल समस्याको रूपमा रहेको छ । यसको न्यूनीकरणका लागि अनगिन्ति प्रयास नभएका होइनन् । राज्य र अन्य सरोकारवाला संघ संस्थाहरू मार्फत विगत लामो समयदेखि नै यसको न्यूनीकरणका प्रयास हुँदै आइरहेको छ । तर पनि यसको प्रयास अनुसार न्यूनीकरण किन हुन सकिरहेको छैन भन्ने विषयमा बेला बेलामा सरोकारवालाहरूबाट प्रश्न उठ्ने गरेको छ । मानव बेचबिखन नितान्त एकल विषय होइन । योसँग मानव अधिकार, महिला अधिकार, बाल अधिकार, श्रम अधिकार आदि अधिकारका विषयहरू पनि जोडिएका छन् । यसका कारक तत्वहरू पनि विभिन्न छन् । त्यसैले यस विषयलाई हरेक तहमा एकीकृत रूपमा सम्बोधन गर्न आवश्यक छ ।

त्यस्तै, बेचबिखनको स्वरूप तथा आयामहरूमा भइरहेको परिवर्तनलाई पहिचान गर्दै त्यसै अनुसार कार्यक्रम, रणनीति, नीति नियम र कानुन निर्माण, परिमार्जन र कार्यान्वयन गर्न आवश्यक देखिन्छ । साथै, समुदायस्तरमा मानव बेचबिखनविरूद्ध चेतना अभिवृद्धि गर्ने र बेचबिखनलाई सहयोग गर्ने कारक तत्वहरूलाई निर्मूल पार्नुपर्दछ । मानव बेचबिखनविरूद्धको कानुन र कार्यक्रम बनाउँदा यसबाट पर्ने असरबारे सचेत हुनु आवश्यक छ । यसविरूद्ध काम गर्ने क्रममा कतै पीडितकै मानव अधिकार हनन् त हुँदैन भन्ने तर्फ सदैव चनाखो हुनु आवश्यक छ किनकी बेलाबखत बेचबिखनका पीडितहरू र सरोकारवालाहरूबाट आफूहरू हिंसामा परेको गुनासाहरू सभा, सम्मेलन तथा गोष्ठिहरूमा सुन्ने गरिन्छ । यसका लागि सम्बद्ध सरकारी, गैरसरकारी निकाय र अन्य सरोकारवालाको बहुपक्षीय प्रभावकारी सहयोग र समन्वय आवश्यक छ ।

**(लेखिका एटविनका कार्यक्रम संयोजक हुनुहुन्छ ।)**

# मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित व्यक्तिहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ का केही मुख्य बुँदाहरू

**परिच्छेद १ : प्रारम्भिक, आधार र परिभाषा**

१. संक्षिप्त नाम र प्रारम्भ
२. मापदण्ड निर्माणका आधारहरू
३. परिभाषा

**परिच्छेद २ : उद्देश्य, क्षेत्र र लक्षित समूह**

४. मापदण्डको उद्देश्य
५. क्षेत्र
६. हेरचाह तथा संरक्षण सम्बन्धी अवधारणा :
७. लक्षित समूह

**परिच्छेद ३ : उद्धार**

८. उद्धार कार्यको जिम्मेवारी
९. विदेशबाट उद्धार
१०. भारतका सम्बन्धमा उद्धार योजना
११. तेस्रो मुलुकका सम्बन्धमा उद्धार योजना
१२. जिल्लाहरूका सम्बन्धमा उद्धार योजना
१३. जिल्लामा पीडित/प्रभावितहरूबारे सुचना तथा जानकारी
१४. उद्धार कार्यको तयारी
   (१) उद्धारपूर्वको तयारी
   (२) उद्धार तथा खानतलासी टोलीको गठन
   (३) उद्धार तथा खानतलासी कार्य गरिरहँदाको अवस्था
   (४) उद्धार कार्य पश्चातको अवस्था
१५. बालबालिकाहरूको उद्धारमा ध्यान दिनुपर्ने विषयहरू
१६. अभिलेखीकरण
   (१) सरोकारवाला निकायहरूको दायित्व
   (२) अभिलेखको गोपनियता
   (३) प्रभावितहरूको सर्वोत्तम हितको लागि प्रयोग

**परिच्छेद ४ : स्वदेश फिर्ती**

१७. राष्ट्रिय समितिको जिम्मेवारी
१८. संघ संस्थासँग समन्वय गर्ने
१९. मन्त्रालयको जिम्मेवारी हुने
२०. मन्त्रालयले परिचालन गर्ने
२१. अन्य सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूले सहयोग गर्नु पर्ने
२२. सुरक्षित र स्वेच्छिक स्वदेशफिर्ती सम्बन्धी व्यवस्था
   (१) संस्थाहरूको विवरण
   (२) पीडित/प्रभावित
   (३) मुख्य संस्थाको पहिचान
   (४) कार्यप्रणाली बारे जानकारी
   (५) स्वदेश फिर्ती प्रकृया निर्धारण
२३. स्वदेश फिर्तीका क्रममा हेरचाह तथा संरक्षणका लागि अन्तरदेशीय सम्प्रेषण
   (क) खाना र लत्ता कपडा सहित आधारभूत आवश्यकता पूर्ति हुने गरी अस्थायी आवासीय व्यवस्था,
   (ख) न्यूनतम स्वास्थ्य उपचार सहायता,
   (ग) मनोविमर्श सेवा,
   (घ) कानुनी परामर्श
   (ङ) स्वदेश फिर्तीको तयारीबारे अनुशिक्षण
२४. अस्थायी यात्रा अनुमतिपत्र
२५. पीडित/प्रभावितहरूका आश्रित बालबालिका
२६. सुरक्षाको लेखाजोखा
२७. यात्रा ब्यवस्थापन
   (१) यात्रा योजना
   (२) यात्राको साधन
   (३) यात्रा खर्च
२८. स्वदेश फिर्तीका अन्तरदेशीय सञ्चार प्रकृया
   (क) प्रेषक संस्थाद्वारा सहयोगका लागि प्रारम्भिक अनुरोध
   (ख) प्रापक संस्थाद्वारा सहयोग दिने बारे जानकारी
   (ग) प्रेषक संस्थाद्वारा पुनस्थार्पना तथा पुनःएकीकरणका लागि अनुरोध
   (घ) प्रापक संस्थाद्वारा पुनस्थार्पना तथा पुनःएकीकरणमा सहयोग गर्ने प्रतिवद्धता
   (ङ) प्रेषक संस्थाद्वारा प्रस्थान बारे जानकारी
   (च) प्रापक संस्थाद्वारा आगमन बारे जानकारी
२९. बालबालिकाहरूका लागि विशेष ब्यवस्था
   (क) बाल अधिकार
   (ख) फर्किन पाउने अधिकारको सुनिश्चितता

(ग) अविभेदको सिद्धान्तको पालना
(घ) बालबालिकाको सर्वोत्तम हित
(ङ) सहभागिताको अधिकार
(च) सुसूचित हुने अधिकार
(छ) संरक्षित हुने अधिकार
(ज) उमेरको अनुमान
(झ) गोपनियताको अधिकार
(ञ) दिगो समाधानका लागि प्रयास
(ट) द्रूत पुनर्मिलन सेवा
(ठ) पारिवारिक जोखिम मुल्यांकन
(ड) अन्तिम प्रयासका रूपमा संस्थागत हेरचाह

३०. स्वदेश फिर्तीका लागि विभिन्न निकाय र संस्थाहरूको दायित्व
३१. अभिलेखीकरण

**परिच्छेद ५ : हेरचाह तथा संरक्षण सेवा**

३२. पीडित/प्रभावितको अवस्थाको पहिचान
(१) प्रमाणीकरण र भर्ना प्रकृया
(२) अवस्था लेखाजोखा
(३) मामला व्यवस्थापन योजना

३३. आन्तरिक सम्प्रेषण सेवाको आवश्यकता पहिचान
(२) प्राथमिक हेरचाह तथा संरक्षण सेवा र सम्प्रेषण सिफारिश
(अ) स्वास्थ्य उपचार
(आ) मनोविमर्श
(इ) कानुनी सहायता
(ई) उजुरी, जाहेरी दरखास्त र अनुसन्धान प्रकृया
(उ) अभियोजन तथा अदालती प्रकृया

(३) द्वितीयक हेरचाह तथा संरक्षण सेवा र सम्प्रेषण सिफारिश
(अ) शिक्षा
(आ) सीपमूलक तालिम
(इ) बिउ पूँजी

३४. मुख्य सम्पर्क बिन्दु
३५. मुख्य सम्पर्क निकाय
३६. महिला विकास अधिकृतको दायित्व
३७. संरक्षण अधिकृतको व्यवस्था
३८. अन्य सहयोगी निकाय तथा संस्थाहरु
(२) जिल्ला प्रहरी कार्यालयको भूमिका
(३) जिल्ला स्वास्थ्य कार्यालयको भूमिका
(४) अन्य सेवा प्रदायकाको भूमिका
(५) स्थानीय निकायहरुको भूमिका

३९. अनुगमन
४०. अभिलेखीकरण

**परिच्छेद ६ : पुनर्स्थापना**

४१. पुनर्स्थापना केन्द्र
४२. पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका
४३. पुनर्स्थापना केन्द्रमा भौतिक सुविधा
(क) बहुउद्देश्यीय साझा कक्ष
(ख) कार्यालय कक्ष
(ग) सुत्ने तथा भान्सा कोठा
(घ) शौचालय तथा स्नान कोठा
(ङ) सुरक्षा

४४. हेरचाह सम्बन्धि सेवाहरु
(क) आवसिय सेवा
(ख) खाना
(ग) लत्ता कपडा
(घ) स्वास्थ्य सेवा
(ङ) कानुनी सेवा
(च) मनोविमर्श सेवा
(छ) सम्प्रेषण सेवा
(ज) पुनर्मिलन तथा भेटघाट
(झ) पुनर्स्थापना तथा पुनःएकीकरण
(ञ) परिवारमा आधारित वैकल्पिक हेरचाह

४५. जनशक्ति
(क) व्यवस्थापक (केन्द्र प्रमुख)
(ख) मनोविमर्शकर्ता
(ग) स्वास्थ्यकर्मी
(घ) सामाजिक कार्यकर्ता/घटना व्यवस्थापक
(ङ) वार्डेन
(च) सुरक्षा गार्ड

४६. बालबालिकाहरूको पुनर्स्थापनाका लागि विशेष व्यवस्था
४७. अभिलेखीकरण

**परिच्छेद ७ : पुनर्मिलन तथा पुनःएकीकरण**

४८. पुनर्मिलन सम्बन्धी प्रक्रिया
४९. पुनःएकीकरण सम्बन्धी प्रक्रिया
५०. पुनःएकीकरण सम्बन्धी सहायताका किसिमहरु
५१. पुनःएकीकरण प्रकृयामा सुरक्षा चासो
५२ पुनःएकीकरणबारे अनुगमन र मूल्याङ्कन
५३. अभिलेखीकरण

● ● ●

सन्दर्भः सिन्धुपाल्चोकको

# वैदेशिक रोजगारी र राहदानी बीचको सम्बन्ध र जोखिमको अवस्था



• सुनिता तामाङ

> सिन्धुपाल्चोकको परिवेशमा कुरा गर्दा, जिल्ला प्रशासन कार्यालयमा राहदानीका लागि लाइन लागेका युवायुवतीको मुख्य उद्देश्य नै वैदेशिक रोजगारमा जानु रहेको देखिन्छ। त्यसरी रोजगारीमा जाने क्रममा श्रमको स्वीकृति भएका, नभएका एवं प्रतिबन्धित मुलुकमा समेत जाने गरेको अवस्था छ।

**विषय प्रवेश**

राहदानी भन्ने बित्तिकै सीमापारको प्रयोजनका लागि भन्ने हुन्छ । सीमापारको यात्रा, व्यापार, व्यवसाय, अध्ययन, रोजगारी आदि प्रयोजन हुन सक्छन् । सामान्यतया यी प्रयोजन देखिए तापनि सिन्धुपाल्चोकको परिवेशमा कुरा गर्दा, जिल्ला प्रशासन कार्यालयमा राहदानीका लागि लाइन लागेका युवायुवतीको मुख्य उद्देश्य नै वैदेशिक रोजगारमा जानु रहेको देखिन्छ । त्यसरी रोजगारीमा जाने क्रममा श्रमको स्वीकृती भएका, नभएका एवं प्रतिवन्धित मुलुकमा समेत जाने गरेको अवस्था छ, जसले गर्दा रोजगारीका लागि विदेशिएका युवाहरु विभिन्न शोषण, अप्ठयारामा पर्नुका साथै सम्बन्धित देशको नीति नियम र भाषाको ज्ञान नहुँदा जेल परेका घटना पनि सञ्चार माध्यममा आइरहन्छन् ।

**वर्तमान अवस्था**

सिन्धुपाल्चोक जिल्लाबाट वैदेशिक रोजगारीमा जानेमध्ये उमेर बढाएर नागरिकताको प्रमाण पत्र लिएका किशोर किशोरीको संख्या बढी रहेको अनुभव सीता लामाको छ । सीता जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा रहेर शक्ति समूहको परामर्शदाताका रूपमा कार्यरत छिन् ।

हिजोआज सिन्धुपाल्चोक जिल्ला प्रशासन कार्यालयबाट एमआरपीका दैनिक ४० देखि ५० फाराम सङ्कलन हुने र त्यसमध्ये पनि आधाजसो महिलाको हुने गरेको राहदानी फाँटका कर्मचारी प्रकाश थापा बताउँछन् । थापाका अनुसार पुरूषहरु मलेसिया, दुबई कतार इराक, अफगानिस्तान जाने गरेका छन् भने महिलाहरूको गन्तव्य कुवेत, लेबनान, साउदी अरेविया, इजरायल जस्ता मुलुकमा रहेको देखिन्छ ।

वैदेशिक रोजगारीले एकातिर ग्रामीण भेगका मानिसहरूको आर्थिक स्तरमा सुधार ल्याएको देखिन्छ भने अर्कोतिर विदेश जाने दम्पतिमा बेमेल र आशंकाले गर्दा पारिवारिक समस्या बढेको महिला आत्मनिर्भरता केन्द्रकी सुन्तली लामा बताउँछिन् । **'बहुविवाह र सम्बन्धविच्छेद बढेको छ'**, लामा भन्छिन् । उनका अनुसार परस्त्री/परपुरूषसँगको सम्बन्धबाट बालबालिका जन्मिएर त्यसबाट समाजमा परेका अप्ठ्याराका सवालमा इलाका प्रहरी कार्यालय मेलम्चीमा २०६९ जेठ महिनामा मात्रै २ ओटा उजुरी परेका छन्.

बालबालिका तथा महिलाको हितका लागि सिन्धुपाल्चोकमा विभिन्न संघ संस्थाहरू कार्यरत छन् । ती संघसंस्थाले मानव बेचबिखन न्यूनीकरण गर्ने तथा बेचबिखनका प्रभावितलाई पुनःस्थापनाका लागि विभिन्न कार्यक्रमहरु

गरिरहेका छन् । साथै, सुरक्षित वैदेशिक रोजगारीका लागि समेत उनीहरु चेतना फैलाइरहेका छन् । शक्ति समूह, महिला आत्मनिर्भरता केन्द्र, महिला तामाङ घेदुङ, ग्रामीण महिला सिर्जनशील परिवार आदि हाल क्रियाशील छन् ।

**जोखिमको अवस्था**

आजभोलि विदेश जानका लागि महिलाले आफ्नो लगाउने लुगा बाहेक केहिका लागि खर्च गर्नु पर्दैन । खासगरी खाडी मुलुकमा जानका लागि एजेण्टले नै सबै खर्च व्यहोर्छ । राहदानी बनाउने खर्च समेत आफ्नो लाग्दैन । राहदानी बनाइसकेकालाई त दलालले गाउँमै गएर २०-२५ हजार दिने गरेका छन् । यो जिल्लाको पश्चिमी भागको अवस्था हो । जहाँ वैदेशिक रोजगारीमा महिला नगएका घर भेटिन मुस्किल पर्छ । तिनै दलालको साथ लागेर विदेश गएका कति बेखबर छन् ।

पछिल्लो समय जिल्ला अदालत चौतारामा विचाराधीन मानव बेचबिखनसम्बन्धी मुद्दालाई उदाहरणका रूपमा लिन सकिन्छ । मुख्य अभियुक्त बजिरसिंह तामाङको नेतृत्वले सञ्चालन गरेको सञ्जालको कथाले राहदानी बनाएर रोजगारीका लागि विदेशिएका महिलाको जोखिम अवस्था चित्रित गर्छ । जुन मुद्दामा लेबनान जान हिंडेका ६ जना चेली भारतका विभिन्न कोठीमा बेचिएपछि ३ वर्षसम्म नारकीय जीवन बिताएर फर्केका छन् । उनीहरूको जाहेरीका आधारमा चलेको मुद्दाको बयानका क्रममा अझै पनि सिन्धुपाल्चोकका कैयन महिला भारतका विभिन्न कोठीमा देहव्यापारमा फसिरहेको बताएका थिए । जो राहदानीको साथमै घरबाट निस्केका थिए ।

दलालले नेपालको विमानस्थल प्रयोग गर्न नदिई भारत पुगेपछि प्रवेशाज्ञा आउने भनी भारत पुऱ्याउने गर्छन् । त्यहाँ भिसा नआएको बहानामा लामो समय राख्ने र यौनशोषण गर्ने समेत गरेको पीडित बताउछन् । अनि त्यतैबाट कतिलाई कुनै खाडी मुलुकमा पठाउने त कतिलाई भने भारतकै अर्को कुनै सहरमा बेच्ने गरेको त्यहाँबाट फर्केकाहरूको भनाई छ । ग्रामीण भेगबाट वैदेशिक रोजगारीमा जान हिंडेका महिला, जो अशिक्षित छन् र कोहीले त काठमाडौं समेत टेकेका हुँदैनन्, उनीहरु तुलनात्मक रूपमा बढी जोखिममा हुन्छन् ।

भारत पार गरेर तेस्रो मुलुकमा घरेलु कामदारका रूपमा पुगेका कति महिला हत्या, शोषण, दुर्व्यवहारको शिकार भएर फर्केका दर्जनौं घटना हामी सुनिरहेका हुन्छौं । कोही मानसिक सन्तुलन गुमाएर अनि कोही बच्चा जन्माएर फर्केका अवस्था पनि छन् ।

अर्को जोखिम भनेको जो विदेश जानकै लागि उमेर बढाएर नागरिकताको प्रमाणपत्र लिएका हुन्छन् र राहदानी बनाएर विदेशिन्छन्, ती किशोरकिशोरीमा शारीरिक र मानसिक परिपक्वता नहुँदा पनि उनीहरु जोखिममा हुन्छन् । जसले आफू जान लागेको मुलुक, त्यहाँ गर्नुपर्ने काम, भाषा, त्यहाँको नीतिनियमको उचित जानकारी लिएका हुँदैनन् । यस्तो अवस्थामा विदेश पुगेर बन्दी जीवन बिताउनु पर्ने जोखिम रहन्छ । साथै सरकारले श्रमका लागि खुला नगरेका मुलुकमा समेत दलालमार्फत जाने हुँदा औपचारिक सूचना नभएको अवस्थामा उद्धारको लागि समस्या हुन्छ ।

**निष्कर्ष**

विश्व बैंकको प्रतिवेदन अनुसार नेपालको प्रतिव्यक्ति आय २०१० मा ४९० अमेरिकी डलर रहेको छ । अघिल्ला वर्षको तुलनामा सुधार देखिए तापनि यो रेमिटान्सको प्रभावमात्र हो । देशमा रोजगारीको अवसर कम हुँदा युवाहरु विदेश पलायन हुन बाध्य छन् । असुरक्षित भन्ने थाहा हुँदाहुँदै पनि जोखिम मोलेर विदेश जाने क्रम घटेको छैन । बरू बढेको छ । महिला आत्मनिर्भरता केन्द्र मेलम्चीले सञ्चालन गरेको समूह छलफलका क्रममा सहभागी महाँकालकी माया तामाङले भनेको कुरा स्मरणीय छ । उनले भनकी थिइन्, "घर छाडेर विदेश कोही रहरले गएका होइनन् । हामीलाई सचेतना भन्दा पनि आयआर्जनमा सहयोग चाहियो ।"

यस्तो अवस्थामा सरकारले स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नु अति आवश्यक छ । जुन दीर्घकालीन समाधानको उपायका लागि आवश्यक नीति तथा कार्यक्रम बनाएर कार्यान्वयन गर्नुपर्छ । तत्कालका लागि भने नेपाली युवायुवति जाने मुलुकसँग कूटनीतिक सम्बन्ध विस्तार गरेर वैदेशिक रोजगारीलाई व्यवस्थित र सुरक्षित बनाउनु पर्दछ । जसका लागि प्रतिबन्धित मुलुकमा थप कडाई गर्नुपर्छ भने रोजगारीका लागि खुला गरिएका मुलुकका नीति नियम, भाषा आदिको ज्ञान दिएर मात्र पठाउनु पर्छ । उदाहरणका लागि दक्षिण कोरियालाई लिन सकिन्छ । सकेसम्म पेसागत दक्षताको विकास गरेर मात्र वैदेशिक रोजगारीमा जान अनुमति दिनु पर्दछ । अनधिकृत रुपमा विदेशिने क्रमलाई निरूत्साहित गर्नुपर्छ ।

**(लेखिका महिला आत्मनिर्भरता केन्द्र, सिन्धुपाल्चोकमा कार्यरत हुनुहुन्छ ।)**

● ● ●

# सिविन-नेपालको संक्षिप्त परिचय

## १. पृष्ठभूमि

नेपालको बालअधिकार आन्दोलनको पहिलो संस्थाको रूपमा सिविन-नेपालको स्थापना सन् १९८७ मा भएको हो । त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत् नेपालको लोकतान्त्रिक आन्दोलनमा क्रियाशील विद्यार्थीहरूको समूहबाट स्थापित यस संस्थाले नेपालमा सामाजिक क्षेत्रमा स्थापित परम्परागत परोपकारमुखी अवधारणालाई अधिकार, सशक्तिकरण र क्रियाशीलतामा रूपान्तरण गरी प्राथमिकताका साथ व्यवहारमा उतार्दै आएको छ । सिविनले आफ्ना गतिविधिहरूलाई बाल-अधिकार, बालसंरक्षण, बालिकाहरूको सशक्तिकरण, बेचबिखन तथा ओसारपसार, सडकबालबालिका, दुर्व्यवहार र सशस्त्र द्वन्द्वमा परेका बालबालिकाहरूका बिषयमा केन्द्रीत गरेको छ ।

## २. ध्येय

सिविनको ध्येय लोकतान्त्रिक, समावेशी, न्यायपूर्ण र समृद्ध नयाँ नेपालको स्थापना हो जुन वास्तविक रूपमा नै बालअधिकारप्रति संवेदनशील हुनेछ र जहाँ सामाजिक सुरक्षा र दिगो शान्ति कायम हुन्छ ।

## ३. लक्ष्य

सिविनको लक्ष्य बालबालिकाका सवालहरूको सचेतनामा नेतृत्वदायी भूमिका निर्वाह गरी राष्ट्रियस्तरमा स्रोत संस्थाका रूपमा कार्य गर्ने र बालबालिका विशेषतः जोखिम परिस्थितिका बालबालिकाहरूको संरक्षण र अधिकारको सुनिश्चितताका लागि आवश्यक सेवाहरू उपलब्ध गराउँदै आफ्नो ऐतिहासिक दायित्व पूरा गर्ने रहेको छ ।

## ४. उद्देश्यहरू

- बालअधिकार अवधारणालाई राष्ट्रिय विकास योजना र कार्यक्रमहरूमा मूल प्रवाहीकरण गराउने ।
- राष्ट्रिय कानुन तथा नीतिहरूको कार्यान्वयनको अनुगमनका लागि सूचकहरू तथा संयन्त्रहरू विकास गर्ने ।
- सरकार र अन्य सम विचारका संघसंस्थाहरूसँगको सहकार्यमा बालबालिकाका निम्ति राष्ट्रिय नीतिको विकास गर्ने ।
- द्वन्द्व प्रभावित बालबालिकाहरू लगायत जोखिम परिस्थितिमा रहन वाध्य बालबालिकाहरूलाई आपतकालिन मानवीय सेवाहरू, पुनःनिर्माण तथा पुनःएकीकरणका निम्ति नीति तथा संयन्त्रको विकास गर्ने ।
- बालबालिकाहरूको आधारभूत अधिकार विशेषतः जोखिम परिस्थितिका बालबालिकाहरूको संरक्षण तथा सामाजिक पुनर्स्थापनाको सुनिश्चितताका लागि राज्य, नागरिक समाजहरू/गैसस तथा समुदायमा आधारित संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।

## ५. सिविनका प्रमुख गतिविधिहरू

### ५.१ सूचना संकलन, अध्ययन तथा अनुसन्धान

सचेतना अभिवृद्धि गर्ने, नीतिहरूलाई प्रभावित गर्ने तथा सिविन कार्यक्रमहरूलाई निर्देशित गर्नका लागि सिविनले सहभागितामूलक र अनुसन्धान (action research) लाई अवलम्बन गर्दछ । यसैगरी सूचना प्रवाहका लागि यसले राष्ट्रिय स्रोत तथा सूचना केन्द्र सञ्चालन गर्दछ । सँगसँगै यसको आफ्नै वेवसाइट : www.cwin.org.np रहेको छ ।

### ५.२. क्रियाशीलताको माध्यमबाट संचेतना (Advocacy Through Action)

सिविनको गतिविधिहरूका निम्ति क्रियाशीलताको माध्यमबाट संचेतना (Advocacy Through Action) भन्ने दृष्टिकोण नै प्रमुख हो । नीतिहरू तथा जोखिम परिस्थितिका

बालबालिकाहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि सिविनले विभिन्न विषयहरूमा सार्वजनिक सचेतीकरण, सामाजिक परिचालन र सामुदायिक संचेतनाका माध्यमहरूबाट राष्ट्रिय अभियानहरु सञ्चालन गर्दछ । यसले संचेतना सामग्रीहरु प्रकाशन गर्ने, तालिमहरूको आयोजना गर्ने र बालअधिकारको सचेतनाका लागि सामुदायिक क्रियाकलापहरु सञ्चालन गर्दछ ।

**५.३. बालसंरक्षण तथा हेल्पलाइनहरू**

सिविनले काठमाडौं, हेटौंडा, नेपालगंज, पोखरा र बिराटनगरमा पैसा नलाग्ने टेलिफोन (१०९८), एम्बुलेन्स सेवा, परामर्श, आपतकालिन आवास, औषधी तथा कानुनी सेवाहरु सहित बाल हेल्पलाइन सञ्चालन गरिरहेको छ । यसै क्रममा जोखिम परिस्थितिमा रहेका बालिकाहरूका लागिको सिविन बालिका कार्यक्रमले उनीहरूको शसक्तीकरण र सामाजिक पुनःस्थापनाका निम्ति कार्य गर्दछ र सम्बन्धित सबै कार्यक्रमहरु तथा नीतिहरूमा बालिकाहरूका सवाललाई स्थापित गर्नका लागि पैरवी गर्दछ । यसैगरी जोखिम परिस्थितिका बसाई सरेर आएका बालबालिकाहरूका निम्तिको सिविन बालकेन्द्रले बालश्रमिकहरु तथा जोखिम परिस्थितिका बालबालिकाहरूको पारिवारिक पुनर्मिलन र सामाजिक पुनःएकीकरणका निम्ति कार्य गर्दछ ।

सिविनले १४ वर्षभन्दा माथिका बालबालिकाहरूको आत्म-निर्भरताका लागि आत्म-निर्भरता केन्द्रको सञ्चालन गर्दै आइरहेको छ । सिविन सोसल मार्केटिङ्ले नव-युवाहरूले उत्पादन गरेका सामग्रीहरूलाई प्रवर्द्धन गर्ने तथा जोखिम परिस्थितिका युवाहरूमा व्यावसायिकता विकास गराउन मद्दत गर्दछ ।

**५.४. बालसहभागिता तथा युवा शसक्तीकरण**

सिविनको "बालबालिकाका निम्ति बालबालिकाका साथमा" भन्ने मान्यता रहेको छ । बालअधिकार आन्दोलनमा बालबालिकाहरूको सहभागितालाई प्रवर्द्धन गर्ने तथा यसको सुनिश्चित्‌ताका निम्ति सिविन प्रयासरत् छ । यसले बालअधिकारका निम्ति बालबालिकाहरूद्वारा सञ्चालित बालअधिकार मञ्चहरूलाई सहजीकरण गर्दछ । यसले सिविनसँग आवद्ध युवाहरूको संस्था युथ सेफलाई पनि सघाउँदछ ।

**५.५. सामुदायिक कार्य एवं संजाल विस्तार**

बालबालिका, महिला तथा मानवअधिकारका क्षेत्रमा कार्यरत स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरका संघसंस्थाहरूमा सिविनको व्यापक संजाल रहेको छ । महिला तथा बालबालिका बेचबिखन विरूद्धको सहकर्मी समूह (एटविन), बालसहभागिताका क्षेत्रमा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम), बालबालिका शान्ति क्षेत्र हुन् अभियान, शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ-नेपाल) र मानव अधिकार तथा सामाजिक न्याय मञ्च (एलायन्स) जस्ता संजालहरूको सिविन अभिन्न अंगका रूपमा रहेको छ ।

**६. सिविनको भविष्यको बाटो**

व्यापक सामाजिक परिचालन सहित बालबालिकाहरूको शसक्तीकरण र सहभागीतालाई सुदृढ पार्दै बालअधिकार आन्दोलनलाई नयाँ उचाइमा पुर्‍याउन सिविन प्रतिवद्ध रहेको छ । यसका सचेतनामूलक कार्यबाट लोकतन्त्रलाई बालबालिकाहरूसँगै हुर्काउनका लागि सिविनले मूलधारका विकास कार्यक्रमहरूलाई बालबालिकाहरूका पक्षमा प्रभावित गर्ने कुरालाई निरन्तरता दिई नै रहनेछ ।

यसैगरी बाल दुर्व्यवहार तथा शोषणका विरूद्ध र जोखिम परिस्थितिका बालबालिकाहरूको अधिकारको सुनिश्चितताका लागि सिविन निरन्तर लडिरहने छ । सशस्त्र द्वन्द्व प्रभावित बालबालिकाहरूका पक्षमा सचेतनाका माध्यमबाट शान्ति स्थापना गर्ने प्रयास तथा "**बालबालिकाहरू शान्ति क्षेत्र हुन्**" भन्ने राष्ट्रव्यापी अभियानलाई सिविनले जारी राख्नेछ । राष्ट्रिय नीति तथा कार्यक्रम निर्माणको तहमा बालबालिकाहरूको सहभागिताको सुनिश्चितताका निम्ति सिविनले सघन प्रयास गर्नेछ । यसले बालबालिकाहरूसँग प्रत्यक्ष काम गर्ने सन्दर्भमा बालमैत्री अवधारणालाई विकास तथा अवलम्बन गर्नेछ ।

**थप जानकारीका लागि,**

सिविन केन्द्रीय कार्यालय, रबि भवन, काठमाडौं
पो.ब.नं. ४३७४ फोन नं.४२७८०६४, ४२८२२५५
फ्याक्सः ४२७८०१६,
इमेलः cwin@mos.com.np
वेभ साइटः www.cwin.org.np

# एटविन गतिविधि

(२०११ सेप्टेम्बर देखि २०१२ जुन सम्म)

**पृष्ठभूमीः**

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह, नेपाल (एटविन) को स्थापना सन् १९९७ मा भएको हो । महिला अधिकार, बाल अधिकार तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने नेपाल भरिका २७ वटा संघ संस्थाहरु यसमा संलग्न छन् । बेचबिखन विरुद्ध अधिकारमुखी दृष्टिकोणबाट नीतिगत तहमा वकालत गर्दै आइरहेको एटविनले डेढदशकको अवधिमा मानव बेचबिखन विरुद्धमा संचालन गरेका अभियानहरुका कारणले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा आफ्नो अलग पहिचान बनाउन सफल भएको छ ।

एटविनले आफ्नो उद्देश्यअनुरुप सेप्टेम्बर २०११ देखि २०१२ जुन सम्म सञ्चालन गरेको गतिविधिहरु निम्नलिखित रहेको छः

**संस्थागत**

| क्र.सं. | मिति | कियाकलाप | स्थान |
|---|---|---|---|
| १ | फरवरी २३, २०१२ | आठौं वार्षिक साधारण सभा | |
| २ | २०११ | त्रैमासिक नियमित बैठहरू - २ पटक | |
| ३ | डेसेम्बर २०११ | *ओसारपसार* अंक ९ प्रकाशन | |
| ४ | २०११-१२ | एटविन सुचना तथा स्रोत केन्द्र, प्रयोगकर्ता - ११७ जना | |

**साझेदार संस्था: फ्री द स्लेभस**

| क्र.सं. | मिति | कियाकलाप | स्थान |
|---|---|---|---|
| ५ | डिसेम्बर २८, २०११ | संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराधविरूद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सँजाय गर्ने यू एन प्रोटोकल (इच्छाधिन आलेख) अनुमोदनको लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका मा. मन्त्री दान बहादुर चौधरीज्यूलाई ज्ञापनपत्र बुझाइयो । | सिंहदरबार, काठमाडौं |
| ५ | २०११ | वकालत पम्पलेट (१०,००० प्रति) र लिफलेट (१,५०० प्रति) प्रकाशन तथा वितरण | काठमाडौं |
| ६ | जनवरी ३, २०१२ | सुरक्षित रोजगारी र नेपाली कामदारहरूको सुरक्षाका लागि मलेसियन राजदूतावासमा ज्ञापनपत्र बुझाइयो । | हरिहर भवन, ललितपुर |
| ६ | अक्टुबर १४, २०११ | सुरक्षित वैदेशिक रोजगारका लागि गठित सुझाव समितिलाई सुझावहरू बुझाइयो । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| ७ | डिसेम्बर २८, २०११ | "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५" मा सुधार गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका मा. मन्त्री दान बहादुर चौधरीज्युलाई बुंदा सहितको ज्ञापनपत्र बुझाइयो । | सिंहदरबार, काठमाडौं |
| ८ | डिसेम्बर २८, २०११ | "वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली २०६४" मा सुधार गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयका मा. मन्त्री सरीता गिरीज्यूलाई बुंदा सहितको ज्ञापनपत्र बुझाइयो । | सिंहदरबार, काठमाडौं |
| ९ | फरबरी २०१२ | सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चित्रकथा प्रकाशन गरियो | काठमाडौं |
| १० | मार्च-जुन | मानव बेचबिखन तथा दासताविरूद्धको रेडियो कार्यक्रम "जीवनको खोजी" - ९ भाग प्रसारण भयो । | काठमाडौं |
| ११ | मे ८, २०१२ | "मानव बेचबिखनका नयाँ आयामहरूः चुनौती र रणनीति" विषयक सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम गरियो । | बुद्धनगर, काठमाडौं |
| १२ | मे १५, २०१२ | संविधान सभाका सभाध्यक्ष सुवासचन्द्र नेम्बाङ, संवैधानिक समितिका सभापति निलाम्बर आचार्य, विवाद समाधान उपसमितिका संयोजक पुष्पकमल दाहाल (प्रचण्ड) एवं सदस्यहरूलाई ज्ञापनपत्र दर्ता गराइयो । | सिंहदरबार, काठमाडौं |
| १३ | मे १६, २०१२ | मानव बेचबिखन/दासता/शोषणविरूद्धको अधिकार र लैंगिक समानतामा आधारित नागरिकताको अधिकार सुनिश्चितताका लागि पत्रकार सम्मेलनको आयोजना गरियो । | अनामनगर, काठमाडौं |
| १४ | अप्रिल २३-२४, २०१२ | प्रथम साझेदार बैठकमा सहभागिता जनाइयो । | हेटौडा, मकवानपुर |
| १५ | जुन २०-२१, २०१२ | "मानव बेचबिखनविरूद्धको प्रशिक्षक प्रशिक्षण" तालिम २०११ को पुनर्ताजगी /पुनरावलोकन कार्यक्रम | बबरमहल, काठमाडौं |

**साझेदार संस्थाः आरडीआईएफ/इएसपी**

| क.सं. | मिति | कियाकलाप | स्थान |
|---|---|---|---|
| १६ | फेब्रुअरी २४, २०१२ | परियोजना अभिमुखिकरण बैठक | एटविन, काठमाडौं |
| १७ | जनवरी- फेब्रुअरी २०१२ | समुह निर्माण तथा पुनःनिर्माण | काठमाडौं, सिन्धुपाल्चोक र मकवानपुर |
| १८ | मासिक | मासिक समुह बैठक | |
| १९ | फेब्रुअरी २०१२ | गाविस स्तरीय बैठक | |
| २० | मार्च २०१२ | जिल्ला स्तरीय बैठक | |
| २१ | मार्च २०१२ | जिल्ला स्तरीय अवधारणागत स्पस्टता गोष्ठी | |
| २२ | अप्रिल २०१२ | जीवन उपयोगी सीप तालिम (जिल्ला स्तरीय) | |
| २३ | मे २०१२ | नेतृत्व विकास/भाषण कला तालिम | |

| | | | |
|---|---|---|---|
| २४ | मार्च २३-२५, २०१२ | जीवन उपयोगी सीप तालिम (केन्द्र स्तरीय) | धुलिखेल, काभ्रे |
| २५ | मार्च २६-२८, २०१२ | प्रतिवेदन लेखन तथा अनुगमन र मुल्यांकन कार्यक्रम | धुलिखेल, काभ्रे |
| २६ | अप्रिल ५, २०१२ | प्रथम त्रैमासिक वैठक साझेदार संस्थाहरू अनुभव तथा सिकाई आदान प्रदान वैठक | एटविन, काठमाडौं |
| २७ | अप्रिल २०१२ | साझेदार संस्था स्थलगत अनुगमन, (शक्ति समूह, नारी सीप सिर्जना केन्द्र र महिला आत्मनिर्भरता केन्द्र) | काठमाडौं, मकवानपुर र सिन्धुपाल्चोक |
| २८ | जुन २०१३ | मानव बेचबिखनविरूद्धको चेतनामुलक लिफलेट २ हजार प्रति प्रकाशन । | काठमाडौं |
| २९ | जून २२, २०१२ | प्रथम त्रैमासिक वैठक साझेदार संस्थाहरू अनुभव तथा सिकाई आदान प्रदान वैठक | एटविन, काठमाडौं |
| ३० | जुन २८-२९, २०१२ | समुदायका महिलाहरूका लागि "राष्ट्रिय अवलोकन भ्रमण कार्यक्रम" | काठमाडौं |
| **सह आयोजक** | | | |
| १. | सेप्टेम्बर ६, २०११ | ५ औ मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवस २०६८ को सह-आयोजक तथा न्याली उप-समितिको संयोजक सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा राष्ट्रिय महिला आयोग | काठमाडौं |
| २. | मार्च ८, २०१२ | १०२ औं अन्तराष्ट्रिय महिला दिवस २०१२ संयुक्त आयोजक-सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा राष्ट्रिय महिला आयोग | |
| ३. | नोभेम्बर २५-डिसेम्बर, २०११ | २०११ को १६ दिने अभियानको सहआयोजक तथा व्यवस्थापन तथा न्याली समितिको सदस्य संयुक्त आयोजक- सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा राष्ट्रिय महिला आयोग | काठमाडौं |
| ४. | मे १७, २०१२ | लैङ्गिक मैत्री संविधानको लागि महिला दवाव न्याली र धर्ना | नयाँ बानेश्वर, काठमाडौं |
| ५. | मे २०१२ | नागरिकतामा समान अधिकार सम्बन्धी संघर्ष समिति | काठमाडौ, |
| ६. | सेप्टेम्बर ६, २०११ | ५ औ मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवस २०६८ को सह आयोजक तथा न्याली उपसमितिको संयोजक सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा राष्ट्रिय महिला आयोग | काठमाडौं |

# संचारमा एटविन

तस्वीर : नेपाल समाचारपत्र



आँसुको मूल्य : मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध
आयोजित सम्मान कार्यक्रममा भावविह्वल बनेकी चरीमाया तामाङ



*Chairperson of Alliance Against Trafficking In Women and Children in Nepal (AATWIN), Laxmi Karki (left), honours Charimaya Tamang at the City Hall in Kathmandu on Friday. Tamang, a trafficking survivor, was awarded the 2011 Hero Acting to End Modern-Day Slavery Award by US Secretary of State Hillary Rodham Clinton recently.*

POST PHOTO: SHALIGRAM TIWARI

## एट्वीनको साधारणसभा

काठमाडौं, (नेस)

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एट्वीन) को आठौं साधारणसभा बिहीबार सम्पन्न भएको छ।

एट्वीनकी अध्यक्ष लक्ष्मी कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव सोनी पियाले प्रगति प्रतिवेदन पेस गर्नुभएको थियो भने कोषाध्यक्ष सन्ध्या श्रेष्ठले आर्थिक प्रतिवेदन पेस गर्नुभएको थियो।

एट्वीन उपाध्यक्ष मीना विष्टले स्वागत गर्नुभएपछि प्रारम्भ भएको साधारणसभामा सभासद जया घिमिरे, गैरसरकारी संस्था महासंघका महासचिव तथा जागरण नेपालकी अध्यक्ष शर्मिला कार्कीले सामाजिक संघ-संस्थाहरूले चलाएका अभियानहरू प्रभावकारी हुँदै गएको बताउनुभयो।

कार्यक्रम संयोजक वेनुमाया गुरुङले २०१२ को कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

## नेपाली चेली खासा लैजाने गिरोहका नाइके पक्राउ

विनेश थापा/राजधानी

## गर्भवती श्रीमती बेच्ने २२ वर्षपछि पक्राउ

हेटौंडा (कास)- गर्भवती अवस्थामा भारतीय कोठी पुऱ्याएर बिक्री गर्ने पतिलाई एक महिलाले २२ वर्षपछि पक्राउ गराएकी छन् । त्यतिवेला भारतमा जागिर खान जाने भन्दै मुम्बईको कोठीमा पुऱ्याएर बिक्री गर्ने मनहरी गाविस ३ का ३९ वर्षीय सीताराम थिङलाई पत्नीले मंगलवार प्रहरी लगेर पक्राउ गराएकी हुन् ।

गरेर थिङले ६ महिनापछि गलैंचा कारखानामा काम गर्ने भनेर काठमाडौं लगेका थिए । काठमाडौंमा काम पाइएन दुवै भारतको मुम्बई जागिर खाने भनेर उनलाई ०४६ जेठमा उता लगेका थिए ।

बम्बईका कोठी सञ्चालक दुई महिलालाई किशोरी जिम्मा लगाएर थिङ भागेका थिए । थिङले उनलाई ...

'यसरी मुम्बईमा लगेर बिक्री गर्ला भन्ने विश्वास नै थिएन,' रुँदै ती महिलाले व्यथा पोखिन्, 'आफ्नै श्रीमती बेच्ने अपराधीलाई कारबाही गराउन नेपाल फर्केकी हुँ ।' कोठीमा आउने नेपाली ग्राहकको सहयोगमा उनी फर्कन सकेकी हुन् ।

ग्राहकको सहयोगमा फर्कन पाएकामा खुसी व्यक्त ...

## अनिच्छित काममा विश्वभर २ करोड

नेपाली पनि

हेम काकी

काठमाडौं- साउदी अरबमा कार्यरत संखुवासभाका विराशंकर राई घर आउन नपाएको दुई वर्ष हुन थाल्यो । दुईवर्षे रोजगार करारमा ...

मनिन्छ । मुख्यतः दास बनाउनु, अनुसार व्यक्ति मानव बेचबिखन, बँधुवा श्रम कामदार ...

## नेपाली राहदानीसहित ३६ जना बंगलादेशी कुवेतमा पक्राउ

समाचारदाता

वैशाख : नेपाली ३६ जना बंगलादेशका ... को विमानस्थलमा यसअघि पनि नेपाली ...

नेपालका राजदूत मधुवन पौडेलले बताए । 'यहाँबाट यसअघि पनि राहदानीहरू पराए मन्त्रालयमा पठाइएको छ । त्यसका आधारमा अनुसन्धान आवश्यक छ', उनले टेलिफोनमा अन्नपूर्ण पोष्टसँग भने, ...

हात लाग्ने गरेको पौडेलले बताए । उनले भने, 'कुवेतमा सोमबार नेपाली राहदानीसहित ३६ बंगलादेशी समातिएको खबर यहाँका पत्रपत्रिकामा आएको छ । यसअघि पनि यस्ता घटना भएका थिए ।' त्यहाँको अलअब्बा ...

## वैदेशिक रोजगारीमा ठगीका १९ सय उजुरी

मधुसंग पाण्डे/राजधानी
काठमाडौं, १३ असार

चालू आर्थिक वर्षको जेठ मसान्तभित्र वैदेशिक रोजगारीको सिलसिलामा संस्थागत र व्यक्तिगत गरी १ हजार ८ सय ९८ ठगीका उजुरी परेको वैदेशिक रोजगार विभागले जनाएको छ ।

विभागका निर्देशक काशीराज दाहालले चालू आवको जेठ मसान्तसम्ममा कुल १ हजार ८ सय ९८ ओटा ठगीका उजुरी परेको बताए । उनले जसमा ...

हजार रुपैयाँ रहेको बताए ।

विभागका अनुसार अहिलेसम्म १ हजार ३२ ओटा मेनपावर दर्ता भएकामध्ये २ सय ६५ ओटाको दर्ता खारेज भएका छन् । बाँकी ७ सय ६७ ओटा भने पूर्ण रूपमा सञ्चालित छन् । यसैगरी चालू आवको जेठ ...

### संस्थागत रूपमा मुद्दा दायर गरेका मेनपावर कम्पनीहरूमा

## दूतावास नहुँदा ओमनमा महिला मजदुर पीडित

हेम काकी

काठमाडौं- ओमनस्थित सलालहमा घरेलु काम (हाउसमेड) मा गएकी सिन्धुपाल्चोककी रीना तामाङ (नाम परिवर्तन) बंगलादेशी नागरिकसँग बस्दै आएकी छन् । हाउसमेड रहँदा पाएको यातना सहन नसकी काम गर्ने घरबाट भागेर बाहिर निस्किएकी उनको जाने ठाउँ कहीं नभएपछि बंगलादेशी पुरुषसँग बस्न बाध्य भएकी हुन् ।

'नचाहँदा नचाहँदै बाध्यताले बंगलादेशीको साथ लिनुपऱ्यो,' सलालहबाट फोन सम्पर्कमा आएकी रीनाले भनिन्, 'परिस्थिति यस्तै भइदियो ।' शारीरिक, मानसिक यातना सहन नसकेर ...

परिरहेको छ ।' कोठामा खानबस्न दिन सक्ने अवस्था हुँदैन । यसरी राख्नु गैरकानुनी मानिन्छ । 'आर्थिक र अन्य कारणले सेल्टर स्थापना समेत गर्न सक्ने अवस्था ...

हाउसमेडलाई ...

### २२ जना फर्कन पाएनन्




## नेपाली पासपोर्टमा भारतीय महिला

देवेन्द्र भट्टराई

काठमाडौं- दुई छोरा र एक छोरीकी आमा मनिता लोहार भारतीय नागरिक ...

काठमाडौं विमानस्थलमा अलमल परेकी वेला वैदेशिक रोजगारीमा गएर ...





## अवैध रूपमा किशोरी खाडी पठाउने गिरोह सक्रिय

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** १२ साउन : अवैध ढंगले खाडी मुलुकमा युवतीहरूलाई पठाउने गिरोह सक्रिय रहेको माइती नेपालले जनाएको छ।

सन् २०१२ जनवरीदेखि जुनसम्म ...

माइती नेपालद्वारा शुक्रबार आयोजित पत्रकारसम्मेलनमा खड्काले युवती बेच्ने दलालहरूले वैदेशिक रोजगार, प्रशासन कार्यालयमा 'सेटिङ' मिलाएर नागरिकता र पासपोर्ट बनाई किशोरीलाई घरेलु कामका लागि ...

मुलुकमा कामदार पठाउन कामदारको उमेर कम्तीमा २१ वर्ष हुनुपर्ने ... छ। तर दलालहरूले १५/१६ ... किशोरीलाई ललाइफकाइ गरी बढाएर नागरिकता र पासपोर्ट ... खाडी मुलुक पठाएको ...

## मानव बेचबिखनका स्वरूप परिवर्तन
## मोबाइलबाटै प्रेमजालमा फसाउने प्रवृत्ति

गोविन्द शर्मा/बाँके

नेपालगन्ज, जेठ २४ गते। घरमा श्रीमान् र सन्तान भएकी दैलेखकी एक महिलाको बुटवल घर बनाउने एक युवकसँग मोबाइलमा सम्पर्क ... आपसमा चिनाजान नभए ... सम्बन्ध बढ्दै गयो र ...

लागि भन्दै नेपालगन्जसम्म पुगेको घटनाले चर्चा पाएको थियो। उनलाई पनि दलालले बेचबिखनका लागि सीमापार गराउने क्रममा उद्धार गरिएको थियो। माइती नेपाल नेपालगन्जका कार्यक्रम संयोजक केशव कोइरालाले पछिल्लो समय मानव बेचबिखनको स्वरूपमा परिवर्तन ...

यौन शोषणमा पर्न सक्नेतर्फ सचेत गराइएको छ।

माइती नेपाल नेपालगन्जका अनुसार, सन् २०१२ को जनवरीदेखि हालसम्म १४३ जनाको खोजतलास तथा उद्धारका लागि निवेदन परेको छ। तीमध्ये दस जना मात्र सम्पर्कमा आएका छन्। हराएकाहरूको सङ्ख्या ...

## मापदण्ड छल्दै घरेलु काम गर्न महिला कतारमा

दिनेश रेग्मी

दोहा (कतार)- मापदण्ड छल्दै नेपाली महिला खाडीमा घरेलु कामदार बनेर आउने क्रम बढेको छ । सरकारले एक वर्षअघि महिलालाई ...

पुगेका छन् । दूतावासले सातामा २/४ जना महिला कामदार समस्या परेर दूतावास आउने गरेको बताएको छ ।

सरकारले कतारमा घरेलु महिला कामदारलाई न्यूनतम मासिक तलब १ हजार रियाल (करिब २४ हजार रुपैयाँ) हुनुपर्ने ...

पुगेकी लमजुङ, खुदीकी २२ वर्षीया सुनु गुरुङले साथमा भएको नक्कली कागजात देखाउँदै भनिन्, 'उताबाट आए पनि यता दुःख पाइयो ।'

भारतीय एक चिकित्सको निवासमा १० महिनादेखि कार्यरत गुरुङसँग एजेन्टले दिएको कतारको एक कम्पनीको नक्कली रोजगार ...

अधिकारीले भने, 'मैले यसैगरी ल्याएको थिएँ ।' दूतावास सेल्टर र अनुगमन विभागमा भर्खरै स्वदेश फर्केकी विराटनगरकी युवती ... राजधानी ... कर्मचारी ... बताएकी ... दिदी ...

का/बरपर

असार १५ गते शुक्रबार २०६९
June 29, Friday 2012

५

## जोखिमपूर्ण श्रममा छ लाख बालबालिका

गोरखापत्र समाचारदाता

काठमाडौं, असार १४ गते । बालबालिका अझै पनि विभिन्न क्षेत्रमा जोखिमपूर्ण काम गर्न बाध्य भइरहेको बेला राष्ट्रिय बाल संरक्षण सञ्जालले बालबालिकाका लागि बालसंरक्षण घोषणापत्र सार्वजनिक गरेको छ ।

असार ११ देखि १३ गतेसम्म भक्तपुरको बोडेमा ...

बालबालिका हिंसा, पीडा र जोखिममा बाँच्न बाध्य भइरहँदा बालबालिकाकै सहभागितामा आयोजना गरिएको राष्ट्रिय बाल संरक्षण भेलाले बालबालिकासम्बन्धी जोखिमलाई बाहिर ल्याउन सहयोग पुऱ्याएको बाल संरक्षण समितिका सल्लाहकार तिमिल्सिनाले बताउनुभयो ।

श्रम विभागका महानिर्देशक मानबहादुर विकले ...

राससका अनुसार नेपालमा करिब एक लाख २७ हजार बालबालिका निकृष्ट प्रकारको बालश्रममा रहेको, ६ लाख २१ हजार बालबालिका जोखिमपूर्ण श्रममा रहेको तथ्याङ्क रहेको जनाएको छ ।

नेपालका विभिन्न प्रमुख सहरमा सडक बालबालिकाको सङ्ख्या पाँच हजारभन्दा बढी रहेको र परिवारबाट छुट्टिएर सडकमा आइपुगेका दुई हजारभन्दा ...

GAZINE: ....गोरखापत्र.......... DATE: ...२०६९...

## प्रभावकारी कार्यान्वयन भएन वैदेशिक रोजगार ऐन

गोरखापत्र समाचारदाता

काठमाडौं, वैशाख १४ गते । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित गर्नुपर्ने बताउनुभएको छ ।

"थुप्रै समस्याबाट वैदेशिक रोजगार ...

प्रभावलाई न्यूनीकरण गर्दै लैजानुपर्ने बताउनुभयो ।

सो अवसरमा श्रम सचिव सोमलाल सुवेदीले हालसम्म छवटा राष्ट्रमा मात्र श्रम सहचारी पठाउन सकिएकाले अरू मुलुकमा पनि राख्नुपर्ने बताउनुभयो ।

राजदूतावासको भूमिका पनि प्रभावकारी ...

अध्ययनमा ... प्रतिशतभन्दा बढी कामदारहरू ... खोजीमा विदेशिने गरेको ... नभएकाले नै विदेशमा नेपाली कामदारले बढी पीडा भोग्नुपरेको देखाइएको छ ।

विशेष महिला ... विषयमा नीतिगत स्पष्टता ... नेपाली चेली ...

## १०३ जनाले बेचे मृगौला

मनोज बस्नेत

काभ्रे- होक्से गाविस र बस्पर क्षेत्रका १०३ जनाले आफ्नो मृगौला बेचिसकेका छन् । आर्थिक प्रलोभनमा परेर गाउँका सीधासोझाले मृगौला बेचेको यहाँ आयोजित एक कार्यक्रमका वक्ताहरूले बताए । मृगौला तस्करहरूको विगविगी ...

बेचेकाका स्वास्थ्यमा समस्या देखिए तिनको उपचार व्यवस्थासमेत गरिने छ । मृगौला रोगीलाई ५० हजार सम्मको उपचार राज्यले निःशुल्क गरिदिने पनि उनले बताए ।

जिल्लाको पाँचखाल, ज्याम्दी, होक्से, वालुवालगायतका गाविसमा मृगौला तस्करी भइरहेको छ । त्यसमध्ये होक्सेको १, २ र ३ मा ...

विकल्प हो ।'

मृगौलाबारेमा राम्रोसँग थाहा नभएर आफूले दलालको लहलहैमा लागेर बेचेको पीडित कृष्ण परियार सुनाए । 'मृगौलाबारेमा थाहा भएको भए धेरैले बेच्ने थिएनन्,' उनले भने, 'दलालले आर्थिक प्रलोभन देखाउँछ, अनि एउटा मृगौला झिक्दा केही हुँदैन भन्छन् । त्यही आधारमा मृगौ...

## महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह - नेपाल
## Alliance Against Trafficking in Women and Children in Nepal

AATWIN

**Member Organizations**

WATCH
RRN
CVICT
INSEC
Himrights
CWISH
Navajyoti Women Training Centre
WDSETC
WWS
AWHRC
MANK
WOREC
Shakti Samuha
CWIN
WOSCC
GMSP
Teka Samuha Nepal
Jagaran Nepal
Makwanpur Mahila Samuha
Aawaj
Nari Utthan Kendra
Child Protection Centre
Women Progress Centre
WAFS Nepal
ETSC-N
Child Society Nepal
Shakti Milan Samaj

मितिः २०६९ जेठ ३

### प्रेस विज्ञप्ति

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह, नेपाल (एटविन), महिला र बाल अधिकार तथा मानवअधिकारको क्षेत्रमा कृयाशील संस्थाहरुको संयुक्त प्रयासबाट स्थापना भएको संजाल हो । एटविनले मानव बेचबिखन विरुद्ध नीतिगत तहमा राष्ट्रिय/अन्तराष्ट्रिय परिवेशमा आएको परिवर्तन अनुसार नीति, नियम, कानून कार्यन्वयन कार्यशैलीमा परिवर्तन गर्न र अवधारणागत स्पष्टता गराउन विविध अभियानहरु संचालन गर्दै आइरहेको छ । हाल यसमा देशभरीका २७ वटा संस्थाहरु आवद्ध छन् ।

मानव बेचबिखन तथा ओसारपसार मानव सभ्यता विपरित निकृष्ट, जघन्य र घृणित अपराधका रुपमा हाम्रो समाजमा विद्यमान छ । यस मुद्दालाई अन्तरिम संविधानमा पनि सम्वोधन गरिएको छ । संविधान निर्माण प्रक्रियाको शुरुवात देखिनै एटविनले विभिन्न सरोकारवालामार्फत यस विषयमा आवाज उठाउदै आएको र संविधान निर्माणको यस महत्वपूर्ण घडीमा निम्न विषयमा पुनः जोड दिदै सुनिश्चतताका लागि हार्दिक अनुरोध गर्दछौ ।

- **मानव बेचबिखन र दासताविरुद्ध अन्त्यको सुनिश्चतता गरिनु पर्ने ।**
  - (संविधानसभाको मौलिक अधिकारसमितिको प्रतिवेदनमा मानव वेचविखन र दासता अन्त्यका लागि बिशेष व्यबस्था नभएको)
- **मानव बेचबिखनबाट प्रभावितहरु र उनका सन्तानको नागरिकताको अधिकार सुनिश्चततासंगै लैङ्गिक समानतामा आधारित नागरिकता बितरणको ब्यबस्था हुनुपर्ने ।**
- **मानव बेचबिखनबाट प्रभावितहरुलाई राज्यबाट क्षतिपुर्ति/राहत सम्बन्धी अधिकार सुनिश्चतता हुनुपर्ने ।**
  - (पीडकबाट क्षतिपुर्ति उपलब्ध गराउन लामो समय लाग्ने अथवा नपाउने अवस्था पनि आउनाले र पीडितलाई तत्काल राहतको आवश्यकता हुनाले तत्काल राज्यबाट र राज्यले पीडकबाट भराउने गरि हुनुपर्ने )
- **मानव अधिकार, महिला अधिकार र बाल अधिकारको सुनिश्चतता हुनु पर्ने ।**

एटविनले आफ्ना सदस्य संस्थाहरुसहित मिति २०६९ जेष्ठ २ गते संविधान सभाका सभाध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्बाङ, संवैधानिक समितिका सभापति मा. निलाम्वर आचार्य, विवाद समाधान उपसमितिका संयोजक मा. पुष्पकमल दाहाल (प्रचण्ड) एवं सदस्यहरुलाइं उपरोक्त विषयमा ज्ञापनपत्र बुझाइएको जानकारी गराउंदछौ ।

मानव बेचबिखनजस्तो मानवता विरोधी जघन्य अपराधविरुद्ध प्रतिवद्धता जनाई दिनु हुन एटविन विनम्र अनुरोध गर्दछ ।

.............
श्री लक्ष्मी कार्की
अध्यक्ष
महिला तथा बालवालिका बेचविखनविरुद्ध सहकर्मी समुह नेपाल (एटविन)

एटविन सेक्रेटेरियट, पो.ब.नं. २४९६०, काठमाडौं । फोन नं. ९७७-१-४२४०७०९, ४२२९७८७, फ्याक्स : ९७७-१-४२४०७०९
AATWIN Secretariat, P.O.Box: 24960, Kathmandu, Nepal, Tel: 977-1-4240709, 4229787 Website: www.aatwin.org.np, E-mail: aatwin@ntc.net.np

# एटविन सूचना तथा स्रोत केन्द्र

## केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरू:

- मानव बेचबिखन
- मानव अधिकार
- महिला अधिकार
- बाल अधिकार



प्रतिवेदन, जर्नल, बुलेटिन, कानूनहरू, पत्रिकाहरूका विशेष संग्रह, सदस्य संस्थाहरूका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC सामाग्रीहरू उपलब्ध छन् ।

केन्द्रमा सर्वसाधारणको प्रयोगका लागि स्वागत गर्दछ ।

# एटविन गतिविधिका झलकहरू




१०२ औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा ऱ्याली, काठमाडौं



लैंगिक मैत्री संविधानका लागि धर्ना कार्यक्रम, काठमाडौं




बेचबिखन सम्बन्धी कानूनको प्रभावकारिता कार्यशाला गोष्ठी, दोलखा




मानव बेचबिखन, दासत्व र शोषणविरूद्धको अधिकार विषयक पत्रकार सम्मेलन



समूहमा आवद्ध महिलाको अवलोकन भ्रमण, ललितपुर




संविधानमा मानव बेचबिखनविरूद्धको सुनिश्चिताको लागि ऱ्याली




एटविनको आठौं वार्षिक साधारण सभा, काठमाडौं



मानव बेचबिखनका नयाँ आयाम र रणनीति परामर्श गोष्ठी, काठमाडौं